मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक १६१ • २०८३ साल वैशाख १७ गते बिहीबार • Thursday 30, April 2026 • सूर्योदयः बिहान ०५:२८ बजे • सूर्यास्तः साँझ ०६:३७ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## राष्ट्रिय पोषण लेखाजोखा अभियान सुरु

**मधेशदृष्टि**
**सिरहा।**
सिरहामा बालबालिकाको पोषण अवस्था पहिचान गर्न 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' सुरु गरिएको छ । बालबालिकाको पोषण सुधार गर्ने उद्देश्यले देशभर सञ्चालन गरिएको अभियानअन्तर्गत सिरहाका सबै १७ वटै पालिकामा कार्यक्रम अघि बढाइएको हो।

दलित विकास मञ्च गोलबजारले हेलेन केलर इन्टरनेशनलको आर्थिक सहयोग तथा स्थानीय पालिकाहरूको समन्वयमा सञ्चालित 'जीवनका लागि पोषण कार्यक्रम' अन्तर्गत अभियान सुरु गरेको हो । अभियानमा सुनौलो हजार दिनका आमासहित बालबालिकाको पोषण अवस्था पहिचान गरिनेछ।

अभियान अन्तर्गत बालबालिकाको उचाइ, तौल र पाखुराको मध्य भागको परिधि मापन गरेर पोषण अवस्था निर्धारण गरिनेछ । यस क्रममा ६ महिनादेखि ५९ महिनासम्मका करिब ६० हजार बालबालिका तथा करिब १४ हजार आमाहरूको पोषण परीक्षण गरिने लक्ष्य राखिएको छ।

# मधेशवादी दलहरू संकटको दलदलबाट निस्किन सक्ला ?



**मधेशदृष्टि**
**जनकपुरधाम।**
२०८१ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनले मधेश केन्द्रित राजनीतिक दलहरूको अवस्थालाई निकै कमजोर बनाएको छ । चुनावपछि विभिन्न गतिविधि जारी राखे पनि ती दलहरूले स्पष्ट रणनीति वा ठोस निर्णय सार्वजनिक गर्न सकेका छैनन् । समय–समयमा विज्ञप्ति निकालिए पनि अधिकांश नेताहरू आन्तरिक तयारीमै सीमित रहेको बताउँदै आएका छन्।

दलहरूभित्र अहिले एकता, नेतृत्व परिवर्तन र भावी रणनीतिबारे छलफल भइरहेको दाबी गरिए पनि त्यसको स्पष्ट खाका बाहिर आएको छैन । केशव झाले केही समयमै सकारात्मक परिणाम आउने संकेत गरे पनि विस्तृत जानकारी दिन चाहेनन् । त्यसैगरी डा. सुरेन्द्र झाले जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल बीचको एकता प्रक्रियाबारे छलफल जारी रहेको बताए।

अन्य दलहरू पनि आ–आफ्नै रूपमा भविष्यको राजनीतिक दिशा तय गर्न छलफलमा छन् । चन्दन सिंहले पार्टी गम्भीर समीक्षा प्रक्रियामा रहेको जनाए भने रेशम चौधरीले मधेशका सबै शक्तिलाई एकताबद्ध गर्ने प्रयास भइरहेको बताए।

तर, नेतृत्व तह नै सक्रिय रूपमा सार्वजनिक नदेखिनु अर्को चिन्ताको विषय बनेको छ । उपेन्द्र यादव, राजेन्द्र महतो र सीके राउत जस्ता शीर्ष नेताहरू लामो समयदेखि सार्वजनिक रूपमा कम देखिएका छन्।

राजनीतिक विश्लेषक विजयकान्त कर्णका अनुसार मधेशवादी दलहरूको पतनको मूल कारण उनीहरू स्वयं हुन् । २०६४ पछिको अवधिमा मुद्दा र पहिचानको राजनीतिबाट टाढिँदै सत्तामुखी बन्नु नै अहिलेको परिणामको मुख्य कारण भएको उनको विश्लेषण छ।

चुनाव परिणामले पनि यही संकेत गरेको छ । कुनै पनि मधेश केन्द्रित दलले समानुपातिकतर्फ ३ प्रतिशत थ्रेसहोल्ड पार गर्न सकेनन् । कतिपय शीर्ष नेताहरूको जमानतसमेत जफत भयो । यसबीच 'अब कि बार बालेन सरकार' भन्ने नाराले मतदातामा प्रभाव पारेको भन्दै केही नेताहरूले असन्तुष्टि व्यक्त गरेका छन् । बालेन शाहप्रति बढेको आकर्षणले पारम्परिक दलहरूलाई असर पारेको उनीहरूको भनाइ छ।

दलहरूले आफ्नो एजेन्डा जनतामाझ प्रभावकारी रूपमा पु¥याउन नसक्नु पनि हारको अर्को कारण मानिएको छ । रेशम चौधरीका अनुसार जनतामा देखिएको परिवर्तनको चाहना र नयाँ पुस्ताको सोचलाई समयमै बुझ्न नसक्दा दलहरूले समर्थन गुमाएका हुन्।

इतिहास हेर्दा मधेशवादी दलहरूले विभिन्न चरणमा उल्लेखनीय सफलता हासिल गरेका थिए । २०४८ सालदेखि सुरु भएको संसदीय यात्रामा उनीहरूले कहिले सशक्त उपस्थिति जनाए भने कहिले कमजोर पनि भए । विशेषगरी २०६४ को संविधानसभा निर्वाचनमा ठूलो सफलता पाए पनि त्यसपछि सत्तामुखी राजनीतिमा केन्द्रित हुँदा जनसमर्थन घट्दै गएको देखिन्छ।

२०७४मा पुनः केही सुधार देखिए पनि २०७९ सम्म आइपुग्दा सिट संख्या घट्दै गयो, र २०८१ को निर्वाचनमा त अवस्था झन् गम्भीर बन्यो । विश्लेषकहरूका अनुसार जनताको अपेक्षा, नयाँ राजनीतिक चेतना र परिवर्तनको मागलाई बेवास्ता गर्नु दलहरूको प्रमुख कमजोरी रह्यो।

अबको बाटोबारे दलभित्रै बहस चलिरहेको छ । केही नेताहरू नयाँ पुस्तालाई नेतृत्व सुम्पिनुपर्ने धारणा राख्छन् । पुराना नेताहरूले अभिभावकीय भूमिकामा सीमित भएर कार्यकारी जिम्मेवारी युवा पुस्तालाई दिनुपर्ने सुझाव पनि आएको छ।

समग्रमा, मधेशवादी दलहरू अहिले पुनर्गठन, एकता र वैचारिक पुनर्संरचनाको मोडमा छन् । समयमै स्पष्ट दिशा लिन नसके उनीहरूको राजनीतिक भविष्य अझ चुनौतीपूर्ण बन्ने संकेत देखिएको छ।

# मधेश प्रदेश प्रहरीको नेतृत्व बदलिने संकेत

**मधेशदृष्टि**
**जनकपुरधाम।**
तस्कर र व्यापारीहरुसँग गैरकानूनी तवरले घुमुवामार्फत आर्थिक लाभ लिने गरेको आरोपमा मुछिएका मधेश प्रदेश प्रहरी कार्यालयका डिआइजी गोविन्द थपलियाको विषयमा नेपाल प्रहरीको मुख्यालले छानबिन समिति गठन गरेको छ।



नेपाल प्रहरीको केन्द्रीय मुख्यालयले एआइजी उमा प्रसाद चर्तुवेदीको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेको छ । समितिमा एसएसपी महेन्द्र खड्का र डीएसपी सन्तोष निरौलासहित सदस्यहरु छन् । छानबिन समितिले प्रारम्भिक रूपमा घटनाको तथ्य संकलन गर्दै नेतृत्व परिवर्तन नै गनुपर्ने सुझाएपछि यी दुई डिआइजीको फेरबदल गरिएको हो।

स्रोतका अनुसार आर्थिक लेनदेन र तस्करसँगको संलग्नतासम्बन्धी आरोपमा विवादमा तानिएका मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी गोविन्द थपलियालाई फिर्ता बोलाउने र उनको स्थानमा डिआइजी शेखर खनाललाई पठाउने तयारी अन्तिम चरणमा पुगेको बताइएको छ।

प्रहरी मुख्यालय र गृह मन्त्रालयबीच केही दिनयता निरन्तर छलफलपछि मधेश प्रदेशको कमाण्डमा शेखर खनाल र अख्तियार दुरुपयोग अनुसन्धानमा डिआइजी ओम अधिकारीलाई पठाउने तयारी भएको जनाइएको छ । स्रोतका अनुसार, फिल्डमा बसेर विवादमा तानिएको नेतृत्वलाई निरन्तरता दिन नसकिने निष्कर्षसहित थपलियालाई हटाउने निर्णय लगभग टुंगिएको छ । औपचारिक निर्णय भने एक–दुई दिनभित्र सार्वजनिक गर्ने तयारी छ।

डिआइजी थपलियाले घुमुवा सईद्रय गोपाल थापा मगर र जयलाल यादवमार्फत तस्कर र स्थानीय व्यवसायीसँग नियमित आर्थिक असुली गर्दै आएको आरोप सार्वजनिक भएपछि प्रहरी संगठनभित्र र बाहिर दुवैतर्फबाट हलचल मच्चिएको थियो । मधेशका जिल्लामा कार्यरत प्रहरी संयन्त्रमा 'घुमुवा सञ्जाल' मार्फत रकम डिआइजी थपलियाले उठाउने प्रचलन संस्थागत भएको आरोपसमेत उठेपछि मुख्यालय दबाबमा परेको थियो।

मधेश प्रदेश जस्तो संवेदनशील कमान्डमा कसलाई पठाउने भन्ने विषयमा आन्तरिक र बाह्य 'लबिइङ'समेत तीव्र बनेको थियो। विशेषगरी छानबिन समिति संयोजक एआईजी चतुर्वेदीले आफ्ना निकट मानिएका डिआइजी ओम अधिकारीलाई मधेश पठाउन विभिन्न शक्ति केन्द्रसँग समन्वय बढाएको स्रोत दाबी छ । उनले ओम अधिकारीलाई मधेशमा पठाउन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता तथा धनुषा निर्वाचन क्षेत्र ३ का का सांसद मनिष झासँग पनि भेट गरेको स्रोतको भनाई छ । भेटमा डिआइजी ओम अधिकारीसमेत सहभागी रहेको र मधेश सरुवाबारे छलफल भएको स्रोतको दाबी छ । तर, स्रोतका अनुसार 'लबिङ' अपेक्षित रूपमा सफल हुन सकेन।

लामो समयदेखि हाइकमाण्डको नोटिसमा परेका थपलियाको विवादले गृहमन्त्रालय सकारात्मक थिएन् । तर हेडक्वाटर स्वयम् ब्याजी भएको कारणले उनलाई बचाउन भूमिका खेलिएको चर्चा भित्राभित्रै थियो।

बालुवाटार र गृह मन्त्रालय भने सुरुदेखि नै 'सन्तुलित र कम विवादित' छवि भएका अधिकृतलाई मधेश पठाउने पक्षमा देखिएका थिए । सोही आधारमा डिआइजी शेखर खनाल अगाडि आएका हुन्।

उच्च स्रोतका अनुसार प्रधानमन्त्री स्वयम्ले खनाललाई मधेश प्रदेशको कमान्ड सुम्पिने गरी प्रक्रिया अघि बढाउन निर्देशन दिएका छन् । 'संगठनभित्र स्पष्ट सन्देश दिनुपर्ने अवस्था भएकाले पनि खनाललाई प्राथमिकता दिइएको हो,' स्रोतले भन्यो । खनाल हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत छन् र तुलनात्मक रूपमा कम विवादित तथा कार्यक्षम अधिकृतका रूपमा चिनिन्छन्।

मधेशको दौडमा रहेका डिआइजी ओम अधिकारीलाई भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगमै व्यवस्थापन गर्ने तयारी गरिएको छ। यसलाई संगठनभित्र 'सन्तुलन मिलाउने प्रयास'का रूपमा हेरिएको छ । प्रहरी मुख्यालय स्रोतका अनुसार फाइल प्रक्रिया अन्तिम चरणमा पुगेको छ।

# एमआरपी लागु भएपछि राजस्व संकलन ठप्प




**मधेशदृष्टि**
**वीरगंज।**
सरकारले एमआरपी लागु गरेपछि वीरगंज भन्सार कार्यालयमा बुधबार राजस्व संकलन पूर्ण रूपमा प्रभावित भएको छ । दैनिक ५० करोड रुपैयाँभन्दा बढी संकलन हुने भन्सारमा बुधवार दिउँसो २ बजेसम्म औद्योगिक कच्चापदार्थ, फलफूल र तरकारीजस्ता अत्यावश्यक वस्तुका बाहेक, एक रुपैयाँ पनि राजस्व संकलन भएको छैन।

भन्सारका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार व्यापारीहरूले मालसामान जाँचपास रोकेपछि राजस्व संकलन ठप्प भएको हो । मंगलबार मात्रै ३५ करोड रुपैयाँ संकलन भएको थियो।

सरकारले उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार बैशाख १ गतेदेखि आयात–निर्यात हुने वस्तुमा अधिकतम खुद्रा मूल्य (एमआरपी), उत्पादन मिति, समाप्ति मिति तथा परिमाण अनिवार्य गरेपछि व्यवसायीहरूले विरोधस्वरूप कारोबार रोकेका हुन्।

ऐनको उल्लंघन गरेमा २ देखि ३ लाख रुपैयाँसम्म जरिवाना र ५ वर्षसम्म कैद सजायको व्यवस्था रहेको छ । व्यवसायीहरूले यस व्यवस्थाले व्यापारमा असर पर्ने भन्दै विरोध जनाउँदै आएका छन् । वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि प्रसाद गौतमले विज्ञप्तिमार्फत एमआरपी प्रति असहमति जनाएका छन्।

हाल भन्सार परिसरमा भन्सार पास नलिएका करिब आठ सयवटा सवारी तथा उपकरणहरूहरूको जाँचपास नभएको सुचना अधिकारी विष्टले बताए।

व्यवासायीहरूको असहमति जनाए पनि सरकारको थप निर्देशन नआएको भन्दै उनले एमआरपी विना तत्काल कुनै कानूनी विकल्प नभएको बताए ।सूचना अधिकारी विष्ट का अनुसार औद्योगिक कच्चापदार्थ, फलफूल र तरकारीजस्ता अत्यावश्यक वस्तुको जाँचपास भने जारी छ।

## गगन थापा पहिलोपटक सर्लाही पुग्दै, 'जरा अभियान' मा सहभागिता



**चपुरमा भेटघाटः** रौतहटको चन्द्रनिगाहपुरमा बुधबार कार्यकर्तासँग भेटघाट गर्दै नेपाली कांग्रेसका सभापति गगनकुमार थापा । तस्बिरः रासस

**मधेशदृष्टि**
**सर्लाही।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापा सर्लाही आइपुगेका छन् । २१ फागुनमा सम्पन्न निर्वाचनपछि उनी पहिलोपटक सर्लाही गएका हुन् । सभापति थापा सर्लाही–४ बाट प्रतिनिधिसभा निर्वाचनमा उठेका थिए । निर्वाचन परिणाम उनको प्रतिकूल आएको थियो।

उनलाई रास्वपा उम्मेदवार उमरेश कुमार सिंहले हराएका थिए । सभापति थापाको सचिवालयले निर्वाचनपछि पहिलो पटक सर्लाही आएको जनाएको छ।

सचिवालय सदस्य शंकर कुइँकेलका अनुसार सभापति थापा सर्लाही–४ मा कांग्रेसको 'जरा अभियान' मा सहभागी हुने कार्यक्रम छ । सभापति थापाले सर्लाही–४ का मतदाताहरूसँग पनि भेटघाट गर्ने कार्यक्रम पनि छ । उनी बिहीबार काठमाडौँ फर्कने बताइएको छ।

# विवाह समारोहमा बन्दुक पड्काएको भिडियोमा अनुसन्धान

**मधेशदृष्टि**
**रौतहट।**
गरुडा नगरपालिकामा कार्यरत लेखापालले विवाह समारोहका क्रममा बन्दुक चलाएको घटना सार्वजनिक भएपछि त्यसले व्यापक चर्चा पाएको छ । लेखापाल सत्यनारायण सहनीले बन्दुक पड्काएको भिडियो सामाजिक सञ्जालमा तीव्र रूपमा फैलिएको हो।



भिडियोमा सहनीसँगै अर्का एक व्यक्ति पनि बन्दुक चलाउँदै गरेको देखिन्छ । गरुडा–३ मलाही टोलस्थित आफन्तको विवाह समारोहमा उनले यस्तो कार्य गरेको बताइएको छ । बन्दुक पड्काउने क्रममा ड्रोन क्यामरा समेत क्षतिग्रस्त भएको दृश्य देखिएपछि सामाजिक सञ्जालमा आलोचना चुलिएको छ।

गरुडा नगरपालिकाका मेयर कन्थमणि प्रसाद कलवारले सहनीसँग लाइसेन्स प्राप्त बन्दुक रहेको जानकारी दिए पनि विवाहमा प्रयोग गरिएको हतियार त्यही हो वा होइन भन्ने स्पष्ट नभएको बताए । उनले घटनाको कानूनी पक्षबारे अनुसन्धान गर्ने जिम्मेवारी प्रहरी प्रशासनको भएको उल्लेख गरे।

यस विषयमा प्रशासनिक तहबाट पनि चासो देखिएको छ । रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले घटनाबारे जानकारी प्राप्त भएको र यसलाई सुरक्षा समितिको बैठकमा उठाइने बताए।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी विष्णु प्रदीप बस्यालले पनि सामाजिक सञ्जालमा देखिएको भिडियोका आधारमा प्रारम्भिक जानकारी संकलन भइरहेको जनाए । उनका अनुसार हालसम्म थप आधिकारिक विवरण प्राप्त भइसकेको छैन र गरुडा प्रहरी चौकीमार्फत थप बुझ्ने प्रयास भइरहेको छ।

प्रहरीले घटनाको अनुसन्धान सुरु गरिसकेको जनाएको छ । यता, सहनीसँग सम्पर्क गर्ने प्रयास भए पनि उनीसँग कुरा हुन सकेको छैन।

# सीमानाकामा कडाइपछि सीमावर्ती बजारमा सुनसान



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल–भारत सीमानाकामा कडाइ गरिएसँगै नेपाली उपभोक्ताहरू भारतको रक्सौल बजारमा सामान खरिदका लागी जान छाडेका छन्।

वीरगंज, जीतपुर, सिमरा, पथलैया, निजगढ, हेटौँडा, नारायणघाट, पोखरा र काठमाडौँसम्मका नेपाली उपभोक्ताहरूको प्रमुख किनमेल गन्तव्यका रूपमा रहेको रक्सौल बजार अहिले सुनसान बनेको छ।

गत वैशाख २ गतेदेखि सरकारले भन्सार नियमलाई कडाइका साथ लागू गर्दै सय रुपैयाँभन्दा बढी मूल्यका सामान ल्याउँदा अनिवार्य भन्सार शुल्क लाग्ने व्यवस्था कार्यान्वयन गरेपछि सीमा क्षेत्रको व्यापारिक गतिविधिमा ठूलो असर परेको हो। यस अघि खुला सीमा र कमजोर निगरानीका कारण हजारौँ नेपाली उपभोक्ता दैनिकरूपमा रक्सौल बजार पुग्ने गरेका थिए। तर हाल आवागमनमा कडाइ बढेपछि ग्राहक सख्या उल्लेखनीय रूपमा घटेको व्यापारीहरूले बताएका छन्।

रक्सौल बजारमा विशेषगरी घरेलु खाद्यान्न, कपडा, इलेक्ट्रोनिक सामान, कृषि सामग्री, मल तथा बीउबिजन जस्ता वस्तु नेपाली उपभोक्ताले बढी मात्रामा खरिद गर्दै आएका थिए । खुला सीमाको फाइदा उठाउँदै सानो मात्रामा सामान ढुवानी गर्ने कार्य पनि व्यापक रूपमा चल्दैआएकोथियो।हालसीमानाकामा निगरानी कडा भएपछि यी अधिकांश अनौपचारिक कारोबारहरू रोकिएका छन्। यसको प्रत्यक्ष असर रक्सौलका व्यापारीहरूमा परेको छ । नेपाली ग्राहकहरूमा अत्यधिक निर्भर रहेका व्यवसायीहरू अहिले नेपाली ग्राहकको प्रतीक्षामा दिन बिताइरहेका छन्। यता नेपालतर्फ वीरगंज बजार पनि आन्तरिक समस्याबाट प्रभावित बनेको छ। गत वैशाख ६ गते मुख्य सडक विस्तारको क्रममा डोजर चलाइएपछि बजार क्षेत्र अस्तव्यस्त बनेको छ। सडक विस्तारका कारण धेरै व्यापारी विस्थापित भएका छन् भने केहीले अस्थायी रूपमा व्यापार सञ्चालन गरिरहेका छन् ।सीमानाकामा कडाइ र आन्तरिक बजार संरचनामा भएको परिवर्तनले दुवैतर्फको व्यापारमा असर पारेको देखिन्छ। एकातर्फ रक्सौल बजारमा ग्राहक अभाव छ भने अर्कोतर्फ वीरगंज बजार निर्माण कार्यका कारण अस्थिर बनेको छ । यसले सीमावर्ती अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको स्थानीय व्यवसायीहरूको भनाइ छ। व्यापारीहरूले दुवै देशका सम्बन्धित निकायहरूलाई व्यापारिक गतिविधि सहज बनाउने वातावरण सिर्जना गर्न आग्रह गरेका छन्।

# निजी क्षेत्रलाई प्रोत्साहन र प्रवद्र्धन नगरे राष्ट्रिय पुँजीको विकास असम्भवः मुख्यमन्त्री



**काठमाडौं ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिकमत कुमार कार्कीले निजी क्षेत्रलाई प्रोत्साहन र प्रवद्र्धन नगरी राष्ट्रिय पुँजीको विकास सम्भव नहुने बताएका छन् । बुधबार विराटनगरमा विराट व्यापार संघको २६औँ साधारण सभा उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले निजी क्षेत्रलाई हतोत्साहित गर्ने कुनै पनि कार्यको प्रदेश सरकारले सधैँ विरोध गर्ने स्पष्ट पारे ।

उनले संविधान र कानुन विपरीत प्रतिशोध तथा पूर्वाग्रह राखेर काम नगर्न आग्रह गर्दै देशको समग्र विकास र समृद्धिका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको उल्लेख गरे । पछिल्लो निर्वाचनपछि देशमा राजनीतिक स्थिरता कायम भएकाले अब आर्थिक समृद्धि हासिल गर्ने आधार तयार भएको उनको भनाइ छ ।

कार्यक्रममा सहभागी व्यवसायीहरूले अन्तर्राष्ट्रिय परिस्थितिका कारण व्यापार व्यवसाय कठिन अवस्थामा पुगेको उल्लेख गर्दै यस्तो बेला सरकारले निजी क्षेत्रलाई दबाबमा राख्नु उपयुक्त नहुने बताएका थिए । उनीहरूले खुला सिमानाका कारण बढ्दै गएको चोरी तस्करी नियन्त्रणका लागि सम्बन्धित निकाय थप संवेदनशील हुनुपर्ने माग पनि गरेका छन् । यसैबीच, विराट व्यापार संघको १३औँ अधिवेशनले प्रमोद अग्रवालको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ ।रासस

# धार्मिक पर्यटनको केन्द्र बन्दै पञ्चधुरा मन्दिर

**महोत्तरी।**
महोत्तरीको बर्दिबास नगरपालिका–४ माईस्थानमा अवस्थित पञ्चधुरा भगवतीको मन्दिरमा पूजाआर्चना गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढ्दै गएको छ।

रमणीय र शान्त वातावरणमा पूजाआर्चना गर्नका लागि आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटकहरु यहाँ आउने क्रममा वृद्धिभएसँगै पछिल्लो समय यो पर्यटन आकर्षणको केन्द्र बन्दै गएको हो।

पञ्चधुरामाईलाई शक्तिपीठको रूपमा पूजा गरिन्छ, जहाँ मनोकांक्षा पूरा हुने विश्वासका साथ भक्तजनहरू आउने गर्छन्।

विशेषगरी मङ्गलबार र विशेष पर्वहरूमा पूजा गर्न आउने श्रद्धालुहरूको ठूलो भीड यहाँ लाग्ने गर्दछ । बर्दिबासको आसपासका क्षेत्रमा धार्मिक र पर्यटकीय स्थलहरूको विकास हुँदै जाँदा पञ्चधुरा मन्दिरले स्थानीय पर्यटन प्रवद्र्धनमा महत्त्वपूर्ण भूमिका खेलिरहेको पञ्चधुरा माई मन्दिर संरक्षण समितिका अध्यक्ष अक्कलबहादुर तामाङले बताए।

धार्मिक एवं पुरातात्विक महत्वको यो मन्दिर इतिहासको कालखण्डमा यस क्षेत्रभित्र रहेको घना जङ्गलभित्र फेलापरेको थियो । स्थानीय वृद्धवृद्धा तथा बूढापाकाहरूका अनुसार त्यस बेला यस मन्दिरमा विशालकाय भएको पिपलको वृक्ष थियो। त्यस अद्भूत पिपलको विशालकाय वृक्षको फेदीमा पाँचवटा टोडका थियो र त्यस टोडकाबाट अविरल रूपमा जलधारा (पानी) बगिरहने हुँदा यस मन्दिरको नाम पनि पञ्चधारा राखिएको किंवदन्ती छ। पछि यही 'पञ्चधारा' अपभ्रंश हुँदै पञ्चधुरा भएको स्थानीयवासी बताउँछन्।

पञ्चधुरा भगवतीको मन्दिर जति प्राचीन एवं पौराणिक छ, त्यत्तिकै यसको ऐतिहासिक महत्व पनि छ। श्री ३ प्रधानमन्त्री जङ्गबहादुर राणाले १९३३ सालमा सिकार खेल्नका लागि मधेसको बहादुरगन्ज क्षेत्रको बर्दिबास–माईस्थान जङ्गलमा गएका थिए । त्यस क्रममा उनले 'सेतो बाघ' देखेका थिए । उनले बन्दुकको निशाना सेतो बाघतिर लगाउँदा बाघ पञ्चधुरा मन्दिरमा विलय भएको किंवदन्ती छ।

उपन्यासकार डायमण्डशम्शेर राणाले लेखेको चर्चित उपन्यास 'सेतो बाघ'मा पनि यो सन्दर्भ उल्लेख गरेको पाइन्छ । स्थानीय वृद्धवृद्धा तथा बूढापाकाहरूका अनुसार श्री ३ प्रधानमन्त्री जङ्गबहादुर राणाले पञ्चधुरा भगवतीमाथि कुदृष्टि लगाए र उनलाई माताको श्राप लाग्यो। सोही कारण उनको सर्लाही जिल्लाको पत्थरकोटमा १९३३ साल फागुन १३ गते मृत्यु भएको थियो । जुन घटना १४८ वर्षअघिको हो।

श्री ३ जङ्गबहादुर राणाले सिकार खेल्ने क्रममा यसै मन्दिरको परिसरमा सेतो बाघ देखेपछि उनी बिरामी परेका थिए र पछि त्यही सेतो बाघ उनको मृत्युको कारण बनेको स्थानीय वृद्धवृद्धा तथा बूढापाकाहरूको भनाइ छ । यस भगवती मन्दिरमा अपार तान्त्रिक शक्ति पनि भएको जनविश्वास छ । त्यही कारण यहाँ भाकल गर्ने र बलि दिनेको पनि भीड लाग्ने गर्दछ। यहाँ चिताएको मनोकामना पूरा हुने र मनमा ठानेका कार्य सिद्ध हुने विश्वासका कारण पछिल्ला केही वर्षदेखि यस मन्दिरमा बिहे, व्रतबन्ध, पूजाआजा, होमजापजस्ता धार्मिक एवं सामाजिक कार्यक्रम गर्नेहरूको सङ्ख्या बढ्दै गएको छ।

यस मन्दिरमा बिहे गरेमा दाम्पत्य जीवन सुखमय हुने र चाँडै सन्तति सुख मिल्ने जनविश्वासका साथ विवाह गर्ने जोडीले यस मन्दिर परिसरमा आउने गर्छन् । यसैगरी, पछिल्लो दिनमा यस मन्दिरमा पिकनिक खाने, मनोरञ्जन गर्ने तथा घुमफिर गर्नेहरूले पनि मन्दिर भरिभराउ देखिन्छ । धार्मिक, ऐतिहासिक एवं प्राचीन महत्व बोकेको यस पञ्चधुरा भगवती मन्दिर हिन्दू धर्मावलम्बीहरूको ठूलो आस्थाको केन्द्र बनेको छ।

नेपालको पूर्वपश्चिम राजमार्गसँगै टाँसिएर रहेका कारण यस मन्दिरमा आउन तथा यहाँ पूजाआजा र दर्शन गर्न निकै सहज र सुगम हुने गरेको छ । बर्दिबास नगरपालिकाका प्रमुख प्रल्हादकुमार क्षेत्रीले यो प्राचीन धरोहरलाई उचित प्रवद्र्धन गरी नगरको धार्मिक पर्यटनमा आशातित योगदान पुर्याउने उद्देश्यले बर्दिबास नगरपालिकाले मन्दिर परिसरमा रहेको तलाऊ सौन्दर्यकरणमा बजेट विनियोजन गरेको बताए।

स्थानीय सुदीप कार्कीले पञ्चधुरा माई मन्दिरलाई पर्यटकीयस्थलका रूपमा विकास गर्न जरुरी रहेको बताउँदै मन्दिरको सौन्दर्यकरण गरेर यसको पुरातात्विक र ऐतिहासिक पक्षलाई उजागर गर्न आवश्यक रहेको जिकिर गरे। त्यस्तै होटल तथा पर्यटन व्यवसायी महासङ्घ, मधेस प्रदेशका अध्यक्ष हीरा गौतमले यस भगवती मन्दिरलाई धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने काम थालिसकिएको बताउँदै मन्दिरलाई व्यवस्थित गर्न पुरानो पोखरीको सौन्दर्यीकरण भइरहेको र पोखरीमा पानीको व्यवस्थापन पनि गरिने उल्लेख गरे।

उनले धार्मिक इतिहास बोकेको यस मन्दिरलाई बृहत् रूपमा संरक्षण र व्यवस्थापन गर्न आवश्यक रहेको आवश्यकता पनि औँल्याए । त्यसैगरी, पञ्चधुरा माई मन्दिर संरक्षण समितिका अध्यक्ष अक्कलबहादुर तामाङले यस मन्दिरमा निरन्तर रूपमा विकासका काम भइरहेको उल्लेख गर्दै यसको व्यवस्थित विकासका लागि डिपिआर बनाउने काम पनि भइरहेको जानकारी दिए । इतिहासको साक्षीका रुपमा रहेको यस मन्दिरको संरक्षण र विकासका लागि स्थानीयवासीले प्रयास जारी राखेका छन् । पछिल्ला समयमा यसको संरक्षण र विकासलाई उच्च प्राथमिकतामा दिइरहेको अध्यक्ष तामाङको भनाइ छ। रासस

# निजामती कर्मचारीको तलब १५ दिनमा भुक्तानी सुरु

**काठमाडौँ।**
सरकारले निजामती कर्मचारीलाई हरेक १५ दिनमा तलब भुक्तानी गर्ने प्रणालीको औपचारिक सुरुआत गरेको छ । अर्थ मन्त्रालयका अनुसार यो व्यवस्था पाइलट परियोजनाका रूपमा बुधबारदेखि कार्यान्वयनमा ल्याइएको हो।

अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले अर्धमासिक तलब वितरण प्रणालीको शुभारम्भ गरे। महालेखा नियन्त्रक कार्यालयमार्फत कम्प्युटराइज्ड गभरमेन्ट एकाउन्टिङ सिस्टम (सिगास) प्रयोग गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेश पठाएर यो प्रणाली सुरु गरिएको हो । योसँगै अर्थ मन्त्रालयका कर्मचारीहरूले वैशाख महिनाको पहिलो १५ दिनको तलब प्राप्त गरेका छन्।

अर्थमन्त्री डा. वाग्लेले यस्तो व्यवस्थाले बजारमा तरलता बढाउँदै उपभोग र मागलाई सशक्त बनाउने विश्वास व्यक्त गरे । उनका अनुसार हाल सङ्घीय निजामती कर्मचारीमा सीमित यो व्यवस्था क्रमशः सबै सरकारी वेतनधारीमा विस्तार गरिनेछ । उनले निर्णयपछि छोटो अवधिमै प्राविधिक तयारी पूरा गरेको भन्दै महालेखा नियन्त्रक कार्यालयलाई धन्यवाद दिए।

कार्यक्रममा महालेखा नियन्त्रक शोभाकान्त पौडेलले प्रणाली विस्तारका लागि कार्यालय पूर्ण रूपमा तयार रहेको जानकारी दिँदै प्रदेश तथा अन्य सरकारी सेवामा पनि क्रमिक रूपमा लागू गरिने बताए।

उनका अनुसार हालको प्रणालीमार्फत आवश्यकताअनुसार १५ दिन वा मासिक रूपमा तलब भुक्तानी गर्न सकिन्छ। अर्धमासिक तलब वितरणले बजारमा नियमित माग सिर्जना हुने, साना व्यवसायीको नगद प्रवाह सुधार हुने तथा सेवा क्षेत्र र डिजिटल अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। वैशाख ४ गते अर्थमन्त्री डा. वाग्लेले १५ दिनमै तलब भुक्तानी गर्ने व्यवस्था पाइलट परियोजनाका रूपमा अघि बढाउने निर्णय गरेका थियो।

# संविधान र लोकतान्त्रिक मूल्यको मार्गदर्शनमा अघि बढ्न सुझाव



**काठमाडौं।**
नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले संविधान र लोकतान्त्रिक मूल्यको मार्गदर्शनमा अघि बढ्न सरकारलाई सुझाव दिएका छन्।

बुधबार काठमाडौंमा आयोजित २७ औँ यदु स्मृति दिवस तथा २४ औँ यदु स्मृति पत्रकारिता पुरस्कार वितरण कार्यक्रममा पौडेलले वर्तमान सरकार संविधान र लोकतान्त्रिक मूल्यमान्यता बिपरित अघि बढ्न खाजेको भन्दै संवैधानिक मार्गदर्शन अनुसार अघि बढ्न सुझाव दिएका हुन्।

उनले ट्रेड युनियन अधिकार र विद्यार्थीहरूको संगठित हुन पाउने अधिकारलाई नजरअन्दाज गर्ने खालका बिषयमा एमालेको ध्यान गएको समेत बताए । अहिले अध्यादेशको सिलसिला सुरु भएको भन्दै पौडेलले संसदबाट कानुन निर्माण गर्ने बाटो तर्फ अघि बढ्न समेत सरकारलाई सुझाव दिए।

उनले नेपालमा अहिले कम्युनिष्ट आन्दोलनले ठूलो धक्का व्यहोर्नु परेको उल्लेख गर्दै आफ्ना भूलत्रुटिहरू स्वीकार गर्दै त्यसलाई सच्चाउदै आन्दोलन पुनर्गठन गरिने धारणा राखे । नेपालको कम्युनिस्ट आन्दोलन नयाँ शिरमा अगाडि बढाउँदै एमालेलाई लोकतान्त्रिक, क्रान्तिकारी र देशभक्त शक्तिको रुपमा स्थापीत गर्ने उनको भनाइ छ। कार्यक्रममा २४ औँ यदु स्मृति पत्रकारिता पुरस्कार नेपाल टेलिभिजनका पत्रकार धनवीर दाहाललाई प्रदान गरिएको छ। पुरस्कारको राशि २५ हजार रुपैयाँ रहेको छ। रासस

# सांसदहरूलाई रास्वपाको निर्देशनः
## आफूलाई माननीय नभन्नू, कागजातमा पनि नलेख्नू



**काठमाडौं ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्ना सबै सांसदहरूलाई कुनै पनि कागजातमा माननीय भनेर सम्बोधन नगर्न निर्देशन दिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीको बुधबार बसेको संसदीय दलको बैठकमा सांसदहरूलाई यस्तो निर्देशन दिइएको हो ।

'रास्वपाका सबै सांसदहरूको लेटर हेड र कार्ड लगायत कागजातमा एक रूपता अपनाउन निर्देशन जारी भएको छ', एक सांसदले भने, 'आफ्नो कुनै कागजातमा माननीय सम्बोधन नगर्नसमेत निर्देशन दलको कार्यालयबाट आएको छ ।'

बैठकमा सभापति रवि लामिछानेले अझै धेरै कुरा सिक्न बाँकी रहेको बताउँदै सल्लाहकारहरूको अभ्यास गरेर उनीहरूबाट सुझाव लिन पनि उल्लेख गरेका छन् ।

'हामीले धेरै कुराहरू सिक्न बाँकी छ । तसर्थ सबै सांसदहरूलाई मेन्टर र सल्लाहकारहरूको अभ्यास गर्न र सकेजति सल्लाह र सुझाव लिन भनिएको छ', रविको निर्देशनबारे ती सांसदले भने ।

रास्वपाले पछिल्लो समय ओखलढुंगाका सांसद विश्वराज पोखरेलसहितले आफूलाई माननीयका रुपमा प्रस्तुत गर्दै विवादमा तानिएपछि यस्तो कदम चालेको हो ।

# पर्वतको लुङ्गु–हुवास सडक कालोपत्र सम्पन्न

**पर्वत।**
जिल्लाको दक्षिणी क्षेत्रलाई सदरमुकाम कुश्मासँग जोड्ने लुङ्गु–हुवास सडक कालोपत्र सम्पन्न भएको छ।

महाशिला गाउँपालिका–५ लुङ्गुदेखि पैयूँ गाउँपालिकाको हुवासस्थित हातेमालो चोकसम्म करिब १५ किलोमिटर सडक निर्माण सुरु भएको ६ वर्षपछि कालोपत्र भएको हो । कालोपत्रे भएसँगै वर्षौंदेखि धुलो, हिलो र जोखिमपूर्ण यात्रा झेल्दै आएका स्थानीयवासीलाई सुविधा पुगेको छ।



ग्रामीण सडक सञ्जाल सुधार आयोजना ९आरसिआइपी० परियोजनाअन्तर्गत स्तरोन्नति तथा कालोपत्रे गर्ने योजनाअनुसार निर्माण सुरु भएको थियो । सो सडकका लागि कूल ३६ करोड ९६ लाख ९३ हजार ६८५ रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो । निर्माणको जिम्मा श्री हिमदुङ एण्ड थोकर प्रालिले लिएको थियो । महाशिला, पैंयू विहादी गाउँपालिकाका नागरिकलाई जिल्ला सदरमुकाम कुश्मासँग जोड्ने यो मुख्य सडक हो । अब सडक कालोपत्रे भएसँगै यात्रा समय छोटिएको छ भने सवारी सञ्चालन सहज बनेको स्थानीय महेन्द्र श्रेष्ठले बताए।

सडक कालोपत्र भएसँगै कृषि उत्पादनको ढुवानीमा सहजता आउने अपेक्षा गरिएको छ । दक्षिणी क्षेत्रका कृषकले उत्पादन गर्ने सुन्तला, तरकारी, फलफूल, आलु तथा दुग्धजन्य वस्तु अब कम खर्च र छोटो समयमा बजारसम्म पु९ याउन सक्ने महाशिला गाउँपालिकाका कृषक सरस्वती अधिकारीले बताए।

पैयूँ गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीले हुवास–लुङ्गु सडक कालोपत्रे सम्पन्न भएसँगै दक्षिणी पर्वतको समग्र विकासले गति लिने विश्वास व्यक्त गरे। रासस

# बालेन प्रधानमन्त्री हुँदा पनि उस्तै विवादः वीरगंजमा मेयर–संघ टकराव चर्कियो





**मधेशदृष्टि**
**वीरगंज।**
कुनै समय काठमाडौं महानगरपालिकाका मेयर हुँदा प्रमुख प्रशासकीय अधिकृत परिवर्तन गर्न संघीय सरकारसँग संघर्ष गरेका बालेन शाह अहिले देशको प्रधानमन्त्री बनेका छन्। तर विडम्बना, त्यतिबेला आफूले भोगेको अवस्थाजस्तै परिस्थिति अहिले वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले भोग्नुपरेको छ।
सुशीला कार्की नेतृत्वको चुनावी सरकारले कार्यकाल सकिनुअघि सहसचिव रेशमलाल कँडेललाई २०८२ फागुन १२ को मन्त्रिपरिषद् निर्णयमार्फत वीरगंज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा सरुवा गरेको थियो । तर महानगरपालिकाले उनलाई हाजिर नगराएको दाबी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको छ । कर्मचारीलाई हाजिर नगराएको कारण देखाउँदै मन्त्रालयले दुई साताअघि महानगरमा निमित्त प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यरत अरवीन्दलाल कर्णको आर्थिक तथा प्रशासनिक अधिकारसमेत कटौती गरिदिएको छ।
मेयर सिंहले भने संघीय सरकारले महानगरसँग कुनै समन्वय वा परामर्श नगरी जबरजस्ती कर्मचारी खटाएको आरोप लगाएका छन् । उनले प्रधानमन्त्री बालेन शाहकै अघिल्लो अनुभव स्मरण गर्दै अहिले आफूले पनि उस्तै संघर्ष गर्नुपरेको टिप्पणी गरे । 'सरकार फेरियो, तर संघको कार्यशैली फेरिएन,' उनले असन्तुष्टि व्यक्त गरे।
महानगरले यस विषयमा मन्त्रालयलाई निर्णय पुनर्विचार गर्न आग्रह गर्दै पत्र पठाए पनि त्यसको प्रतिउत्तरस्वरूप कार्यरत अधिकृतको अधिकार कटौती गरिएको जानकारी पाएको सिंहले बताए। उनका अनुसार खटाइएको भनिएका प्रमुख प्रशासकीय अधिकृत अहिलेसम्म महानगरमा उपस्थित नभएको र औपचारिक जानकारीसमेत प्राप्त नभएको अवस्था छ।
मेयर सिंहले वीरगंजको आवश्यकता र सन्दर्भ बुझ्ने, स्थायित्वका साथ काम गर्न सक्ने प्रशासकीय नेतृत्व आवश्यक रहेको बताए । 'बारम्बार आउने–जाने, काममा असहयोग गर्ने हाकिमले जनताको सेवा सम्भव हुँदैन,' उनले भने, 'जनताले निर्वाचित गरेको प्रतिनिधि भएर काम गर्ने जिम्मेवारी हाम्रो हो, तर काम गर्नै नसक्ने अवस्था किन सिर्जना गरिन्छ ?'
निमित्त प्रमुख प्रशासकीय अधिकृत कर्णलाई पूर्ण जिम्मेवारी दिने उद्देश्यले काममा लगाइएको भएपनि उनको अधिकार कटौती गरिएको विषय सञ्चार माध्यमबाट थाहा पाएको सिंहको भनाइ छ । उनले यस्तो कदमले महानगरको दैनिक प्रशासनिक कार्यसम्पादनमा गम्भीर असर परेको बताए।
उनका अनुसार आर्थिक अधिकार हटाइएपछि कर्मचारीलाई तलब वितरण गर्नसमेत कठिन भएको छ भने अन्य प्रशासनिक निर्णयहरू प्रभावित भएका छन् । 'राजमार्ग विस्तारजस्ता काममा आवश्यक पत्राचार गर्नसमेत समस्या भएको छ,' उनले बताए । साथै, कर्मचारीहरू केन्द्र र अख्तियारको डरले निर्णय लिन हिच्किचाउने अवस्था सिर्जना भएको उनको गुनासो छ।
महानगरपालिकामा सहसचिव तहका कर्मचारी प्रमुख प्रशासकीय अधिकृत हुने प्रावधानअनुसार यस्तो पदमा नियुक्ति मन्त्रिपरिषद्बाट हुने र उनीहरूको अधिकारसमेत संघीय सरकारद्वारा निर्धारण हुने व्यवस्था रहेको छ । यही संरचनाभित्र समन्वय अभावले उत्पन्न विवादले अहिले वीरगंज महानगरको प्रशासनिक कामकाज प्रभावित बनेको छ।

# ११ मध्ये ९ छोटी भन्सार बन्द, राजस्व गुम्दै, उपभोक्ता मारमा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार कार्यालयको मातहतमा रहेका पर्सा र बारा जिल्लाका ११ वटा छोटी भन्सारमध्ये हाल मात्र २ वटा सञ्चालनमा रहँदा बाँकी ९ वटा लामो समयदेखि बन्द अवस्थामा छन् । सरकार राजस्व संकलन बढाउने उद्देश्यले १०० रुपैयाँभन्दा बढी मूल्यका सामान भारतबाट ल्याउँदा अनिवार्य भन्सार शुल्क तिर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गरिरहेको अवस्थामा यस्ता छोटी भन्सार कार्यालयहरू बन्द रहनुले प्रश्न उठाएको छ ।
हाल पर्साको ठोरी र बाराको मटिअर्वा छोटी भन्सार मात्र सञ्चालनमा छन् । तर बाराका पिपरपाती, सिम्रौनगढ, कवही र कचोर्वा तथा पर्साका सिर्सिया, भिष्वा, अलौं, गाढ प्रसौनी र जानकीटोला छोटी भन्सार कार्यालयहरू भने लामो समयदेखि ठप्प छन् । पछिल्ला दुई सातादेखि सीमाक्षेत्रमा सुरक्षाकर्मीले कडाइ गरे पनि ग्रामीण भेगका अन्य नाकाहरूमा भन्सार सेवा अभाव देखिएको छ । कर्मचारी अभावका कारण यी कार्यालयहरू बन्द गर्नुपरेको जनाइएको छ । यसको प्रत्यक्ष असर सीमावर्ती नेपाली उपभोक्तामा परेको छ, जसले भन्सार शुल्क तिरेर सामान ल्याउन चाहे पनि सुविधा नपाउँदा समस्या झेलिरहेका छन् । उता, भन्सार नहुँदा दैनिक रूपमा ठूलो मात्रामा राजस्वसमेत राज्यले गुमाइरहेको अवस्था छ ।



छोटी भन्सार भएका अधिकांश नाका क्षेत्र अहिले विकसित भएर ठूला बजारमा परिणत भइसकेका छन् । ती क्षेत्रबाट दैनिक रूपमा भारतीय बजारमा किनमेल गरेर फर्किने नेपालीहरूको संख्या उल्लेख्य छ । तर भन्सार कार्यालय नहुँदा वैधानिक रूपमा सामान भित्र्याउन चाहनेहरू समेत अन्योलमा परेका छन् ।
कोरोना महामारीपछि बन्द भएको सिम्रौनगढ छोटी भन्सार पुनः सञ्चालनको माग गर्दै स्थानीयले आन्दोलनसमेत गरेका थिए । तर, उक्त भन्सार अझै नियमित रूपमा सञ्चालनमा आउन सकेको छैन ।
हाल सञ्चालनमा रहेका छोटी भन्सारहरूमा एक–एक जना नायब सुब्बा र कार्यालय सहयोगी मात्र खटाइएको छ । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनालीका अनुसार साना छोटी भन्सारहरू क्रमशः बन्द गर्दै जाने सरकारी नीति रहेको छ । उनका अनुसार गाउँ–गाउँमा भन्सार खोल्दा चोरी निकासी बढ्ने जोखिम हुने र मुख्य भन्सारसमेत कमजोर बन्ने सम्भावना हुन्छ । त्यसैले सीमित स्थानमा मात्र छोटी भन्सार सञ्चालन गरी बाँकी नाकाको जिम्मा सशस्त्र प्रहरीलाई दिने योजना अघि सारिएको उनले बताए । उनले छोटी भन्सार सञ्चालनका लागि केवल कर्मचारी पर्याप्त नहुने स्पष्ट पार्दै कम्प्युटर प्रणाली, बैंकिङ सेवा, खाद्य तथा पशु क्वारेन्टाइनजस्ता पूर्वाधार आवश्यक पर्ने भएकाले सबै स्थानमा भन्सार सञ्चालन सम्भव नभएको उल्लेख गरे ।

# गौतम माविको स्वर्ण जयन्ती समारोह

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित गौतम माध्यमिक विद्यालयले स्थापना भएको ५० वर्ष पूरा गरेको अवसरमा स्वर्ण जयन्ती समारोह भव्य रूपमा सम्पन्न गरेको छ । सोही अवसरमा विद्यालय परिसरमा निर्माण गरिएको नयाँ भवनको समेत उद्घाटन गरिएको छ।
वि.सं. २०३३ सालमा स्थापना भएको विद्यालयले पाँच दशक पूरा गर्दै शिक्षा क्षेत्रमा पु¥याएको योगदानलाई स्मरण गरेको हो । विद्यालय प्रशासनका अनुसार नयाँ भवन विशेषगरी कक्षा १० का विद्यार्थीहरूको अध्ययनका लागि निर्माण गरिएको हो।
समारोहलाई सम्बोधन गर्दै संस्थापक उर्मिला लामाले विद्यालयको उन्नतिमा योगदान पु¥याउने शिक्षक, विद्यार्थी, कर्मचारी तथा वर्तमान म्यानेजिङ डाइरेक्टर सोनम लामा र पिया लामाप्रति आभार व्यक्त गरिन्।

# सरकारी विज्ञापन नीतिविरुद्ध पत्रकार महासंघको देशव्यापी आन्दोलन चर्किँदै




मधेशदृष्टि
वीरगंज।
सरकारी विज्ञापन केवल सरकारी सञ्चारमाध्यममा सीमित गर्ने निर्णयविरुद्ध नेपाल पत्रकार महासंघले देशव्यापी दबाबमूलक आन्दोलनलाई निरन्तरता दिने घोषणा गरेको छ।
महासंघका महासचिव रामप्रसाद दाहालका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी उक्त निर्णय प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मान्यता, नेपालको संविधान, खुला अर्थतन्त्र र संघीयताको भावनासँग मेल नखाने ठहर गरिएको छ।
आन्दोलनका कार्यक्रमअन्तर्गत वैशाख १६ गते महासंघको केन्द्रीय समितिले राष्ट्रिय मानव अधिकार आयोगमा ज्ञापनपत्र बुझाइसकेको छ । त्यसपछि वैशाख १७ गते विभिन्न राजनीतिक दलका संसदीय दलका नेता र सचेतकहरूसँग छलफल गर्ने तयारी गरिएको छ । वैशाख १८ गते प्रदेश र जिल्ला समितिहरूले सर्वपक्षीय बैठकमार्फत आगामी रणनीति तय गर्ने कार्यक्रम रहेको महासंघले जनाएको छ।
यस्तै, वैशाख २० गते विश्व प्रेस स्वतन्त्रता दिवसको अवसर पारेर प्रेस स्वतन्त्रताको पक्षमा ऐक्यबद्धता जनाउने प्रभातफेरी आयोजना गरिनेछ । सोही दिन उपत्यकाबाहिरका प्रदेश तथा जिल्लाहरूमा पनि समान प्रकृतिका कार्यक्रम सञ्चालन गरिने जानकारी दिइएको छ।
यसअघि पनि महासंघले आफ्ना प्रदेश, जिल्ला, प्रतिष्ठान शाखा तथा सम्बद्ध संस्थाहरूसँग सहकार्य गर्दै विभिन्न चरणका दबाबमूलक कार्यक्रम सञ्चालन गरिसकेको छ । साथै, सबै प्रदेशका मुख्यमन्त्री र स्थानीय तहलाई उक्त निर्णय कार्यान्वयन नगर्न आग्रह गरिएको छ भने प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको र अन्तर्राष्ट्रिय समुदायसँग समेत संवाद अघि बढाइएको महासंघले उल्लेख गरेको छ।
सरकारले अहिलेसम्म उक्त निर्णय फिर्ता लिन सकारात्मक संकेत नदिएको भन्दै महासंघले आन्दोलनलाई थप सशक्त र व्यापक बनाउँदै लैजाने स्पष्ट पारेको छ।

# हावाहुरीले घर उडायो पाँचजनाको परिवार खुला आकाशमुनि



**मधेशदृष्टि**
**वीरगंज ।**
जिराभवानी गाउँपालिका–२ सेढवामा आइतबार राति आएको भीषण हावाहुरीले एक विपन्न परिवारको बासस्थान पूर्ण रूपमा ध्वस्त बनाएको छ । करिब राति ११ बजेतिर असिना र मुसलधारे वर्षासहित आएको तीव्र हावाहुरीले धर्मराज राम चमारको दुई कोठे कच्ची घरको फुसको छानो उडाइदिएको मात्र होइन, भित्तासमेत भत्काएर घरलाई भग्नावशेषमा परिणत गरिदिएको हो । प्राकृतिक विपत्तिपछि घरभित्र रहेका अन्नपात, लत्ताकपडा तथा दैनिक प्रयोगका भाँडाकुँडा समेत नष्ट भएका छन् ।
'कति दुःख गरेर जोहो गरेको सबै सामान एकै रातमा सकियो,' भन्दै पीडित चमारले आफ्नो पीडा व्यक्त गरे ।
पाँच सदस्यीय उनको परिवार अहिले खुला आकाशमुनि बस्न बाध्य छ, जहाँ चर्को घाम, हावाहुरी र वर्षाले झनै कष्ट थपेको छ । रात पर्नासाथ असुरक्षाको भयले उनीहरू झनै त्रसित हुने गरेका छन् । दैनिक ज्यालादारी गरेर गुजारा चलाउँदै आएका चमार परिवारसँग आफ्नै जमिनसमेत छैन ।
सुरक्षित आश्रयको अभावमा बाँचिरहेका उनीहरूका लागि यो विपत्ति थप संकट बनेर आएको छ । अहिले पीडित परिवारले सम्बन्धित निकाय र सहयोगी संस्थाहरूसँग तत्काल राहत तथा पुनःस्थापनाका लागि सहयोगको याचना गरेका छन् । 'अब कहाँ जाने, कसरी जीवन धान्ने ?' भन्ने चिन्तासँगै उनीहरू सहयोगको पर्खाइमा छन् ।

# भरत ताल आसपासमा मानव कङ्काल



**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीको बागमती नगरपालिका–१२ स्थित भरत ताल आसपास मानव कङ्काल फेला परेको छ। स्थानीयले घाँस काट्ने क्रममा ढुङ्गा र गिट्टी थुपारिएको स्थानमा कङ्काल देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरीका अनुसार शव टाउको छुट्टिएको र शरीर पनि क्षतविक्षत अवस्थामा भेटिएको छ । प्रारम्भिक अनुमानअनुसार शव पुरुषको हुन सक्ने देखिएको छ, यद्यपि आधिकारिक पहिचान खुलिसकेको छैन। घटनास्थलमा पुगेको इलाका प्रहरी कार्यालय हरिवनले कङ्काललाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा पठाएको जनाएको छ।
घटनाबारे विस्तृत अनुसन्धान भइरहेको प्रहरी निरीक्षक चन्द्रकान्त अधिकारीले जानकारी दिएका छन् । प्रहरीले मृतकको पहिचान र घटनाको कारण पत्ता लगाउन विभिन्न कोणबाट अनुसन्धान अघि बढाएको छ।

# स्मार्ट कार्ड लाइसेन्सको मौज्दात तथा वितरण सम्बन्धी सूचना जारी

**मधेशदृष्टि**
**कलैया ।**
यातायात व्यवस्था कार्यालय बाराले सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड लाइसेन्स) को मौज्दात तथा वितरण सम्बन्धमा सूचना जारी गरेको छ ।
कार्यालयका अनुसार अनलाइन प्रणालीमा 'प्रिन्ट' भइसकेको देखिए पनि सम्बन्धित स्मार्ट कार्डहरू हालसम्म भौतिक रूपमा कार्यालयमा प्राप्त नभएको जनाएको छ ।
प्रिन्ट भएको देखिएपछि सेवाग्राहीहरू कार्यालयमा धाउने क्रम बढेपछि स्पष्टिकरणस्वरूप सूचना जारी गरिएको हो । कार्यालयले विभागबाट कार्डहरू ढुवानी भई नआएसम्म हतारमा कार्यालय नआउन सेवाग्राहीलाई अनुरोध गरेको छ ।
आफ्नो लाइसेन्स कार्ड उपलब्ध भएको सुनिश्चित गरी मात्र सम्पर्क गर्न समेत आग्रह गरिएको छ ।
सेवाग्राहीको सुविधाका लागि कार्यालयले आफ्नो आधिकारिक फेसबुक पेज 'यातायात व्यवस्था कार्यालय कलैया' मार्फत नियमित रूपमा अद्यावधिक सूचना उपलब्ध गराइने जनाएको छ । उक्त पेजमा प्रकाशित नामावली वा विवरण हेरेर मात्र कार्यालयमा उपस्थित हुन सूचनामा उल्लेख गरिएको छ ।

# छोरीको विवाहमा उपकार सेवाको सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
आर्थिक अभावका कारण छोरीको विवाह गर्न कठिनाइ भोगिरहेका दुई विपन्न परिवारलाई उपकार सेवा नेपालले सहयोग प्रदान गरेको छ । संस्थाले खाद्यान्न, लत्ताकपडा तथा नगदसहित आवश्यक सामग्री उपलब्ध गराउँदै दुवै परिवारलाई विवाह सम्पन्न गर्न सहयोग गरेको जनाएको छ ।
पर्साको पटेर्वा सुगौली गाउँपालिका–४ निवासी स्वर्गीय पल्ट रामकी छोरी सिता रामको विवाहका लागि संस्थाले विभिन्न सामग्री उपलब्ध गराएको हो । बुवाको निधनपछि आमामात्रै आश्रित रहेको परिवारको कमजोर आर्थिक अवस्थालाई ध्यानमा राख्दै सहयोग गरिएको हो ।
संस्थाकी अध्यक्ष बिध्या कुमारी सरावगीको पहलमा सिता रामलाई विवाहको लागि आवश्यक खाधन्न, बेहुलीको लत्ता कपडा सहयोग प्रदान गरिएको हो । उक्त सामग्री अध्यक्ष सरावगी र सामाजिक अभियन्ता प्रकाश थारुले संयुक्त रूपमा हस्तान्तरण गरेका थिए ।
यसैगरी भारतको बिहार राज्य अन्तर्गत पूर्वी चम्पारण निवासी मुस्कानलाई पनि विवाहका लागि सहयोग गरिएको छ । उनको विवाह बारा जिल्लाको विश्रामपुर गाउँपालिका–४ निवासी मुकेश कुमार गुप्तासँग तय भएको जनाइएको छ ।

# राष्ट्रिय पोषण लेखाजोखा अभियान सुरु

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा बालबालिकाको पोषण अवस्था पहिचान गर्न 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' सुरु गरिएको छ । बालबालिकाको पोषण सुधार गर्ने उद्देश्यले देशभर सञ्चालन गरिएको अभियानअन्तर्गत सिरहाका सबै १७ वटै पालिकामा कार्यक्रम अघि बढाइएको हो । दलित विकास मञ्च गोलबजारले हेलेन केलर इन्टरनेशनलको आर्थिक सहयोग तथा स्थानीय पालिकाहरूको समन्वयमा सञ्चालित 'जीवनका लागि पोषण कार्यक्रम' अन्तर्गत अभियान सुरु गरेको हो । अभियानमा सुनौलो हजार दिनका आमासहित बालबालिकाको पोषण अवस्था पहिचान गरिनेछ ।अभियान अन्तर्गत बालबालिकाको उचाइ, तौल र पाखुराको मध्य भागको परिधि मापन गरेर पोषण अवस्था निर्धारण गरिनेछ । यस क्रममा ६ महिनादेखि ५९ महिनासम्मका करिब ६० हजार बालबालिका तथा करिब १४ हजार आमाहरूको पोषण परीक्षण गरिने लक्ष्य राखिएको छ ।

## सम्पादकीय

# वीरगंज भन्सारमा एमआरपीको असर: राजस्व संकट र व्यापारिक असन्तुष्टि

सरकारले अनिवार्य अधिकतम खुद्रा मूल्य उल्लेख गर्नुपर्ने प्रावधान लागू गरेपछि वीरगंज भन्सार कार्यालयमा राजस्व संकलनमा गम्भीर असर परेको छ। सामान्य अवस्थामा दैनिक करोडौँ रुपैयाँ राजस्व संकलन हुने यस भन्सार नाकामा एमआरपी नीतिका कारण बुधबार राजस्व संकलन लगभग ठप्प भएको छ। औद्योगिक कच्चापदार्थ, फलफूल र तरकारीजस्ता अत्यावश्यक वस्तुबाहेक अन्य सामानको जाँचपास रोकिएपछि राज्यकोषमा ठूलो क्षति पुगेको छ। यो अवस्थाले सरकारको राजस्व लक्ष्यमा मात्र होइन, समग्र व्यापारिक वातावरणमा समेत नकारात्मक प्रभाव पारेको छ।

सरकारले २०८१ वैशाख ९ गतेदेखि आयातित तथा स्वदेशी उत्पादन दुवैमा एमआरपी अनिवार्य गर्ने सूचना जारी गरेको थियो। तर, निजी क्षेत्रले यो निर्णय सरोकारवालाहरूसँग पर्याप्त छलफल नगरी एकतर्फी रूपमा लागू गरिएको भन्दै आपत्ति जनाएको छ। वीरगंज उद्योग वाणिज्य संघले जारी गरेको विज्ञप्तिमा भारतमा सीमित वस्तुहरूमा मात्र एमआरपी लागू हुने गरेको र नेपालको सानो अर्थतन्त्र तथा कम आयात मात्रालाई ध्यानमा राख्दा विदेशी आपूर्तिकर्ताहरू एमआरपी लेबल लगाउन अनिच्छुक हुन सक्ने उल्लेख छ। अन्तर्राष्ट्रिय मूल्य र विदेशी विनिमय दरमा निरन्तर उतारचढाव आउने सन्दर्भमा आयातित वस्तुको मूल्य निर्धारणका लागि स्पष्ट मापदण्ड नभएको भन्दै निजी क्षेत्रले चिन्ता व्यक्त गरेको छ।

एमआरपी प्रावधानको कडाइका साथ कार्यान्वयन गर्ने प्रयासले वीरगंज भन्सार कार्यालयसहित देशभरका भन्सार नाकाहरूमा आयातित वस्तुको जाँचपासमा अवरोध सिर्जना गरेको छ। भन्सार अधिकारी अमित तिवारीका अनुसार, एमआरपी नभएका सामानको जाँचपास रोकिएपछि राजस्व संकलनमा ८० देखि ९० प्रतिशतसम्म गिरावट आएको छ। सामान्य दिनमा वीरगंज भन्सारले करिब ६० देखि ६५ करोड रुपैयाँ राजस्व संकलन गर्ने गर्दछ। यो ठूलो गिरावटले आपूर्ति श्रृंखलामा बाधा पु¥याउनुका साथै उपभोक्ता बजारमा समेत असर पार्ने जोखिम बढाएको छ।

निजी क्षेत्रले यो नीतिको तत्काल पुनरावलोकन गर्न माग गरेको छ। उनीहरूले एमआरपी प्रावधान लागू गर्नुअघि विस्तृत अध्ययन, निजी क्षेत्रसँगको परामर्श र बजार अनुसन्धान आवश्यक रहेकोमा जोड दिएका छन्। यसका साथै, निजी क्षेत्रको सहभागितामा एक समिति गठन गरी त्यसको सिफारिसका आधारमा मात्र नीति लागू गर्नुपर्ने सुझाव दिएका छन्। एमआरपीको आधारमा भन्सार मूल्यांकन गर्दा ४० देखि ५० प्रतिशतसम्म मूल्यांकन हुने सरकारी नीति अव्यावहारिक रहेको र यसले आयातकर्ता र भन्सार अधिकारीबीच विवाद बढाउन सक्ने उनीहरूको भनाइ छ।

अन्ततः, यो समस्याको समाधानका लागि सरकार र निजी क्षेत्रबीच सार्थक संवाद र सहकार्य अपरिहार्य छ। एकतर्फी निर्णयले राजस्व संकलनमा मात्र बाधा पु¥याउँदैन, यसले अवैध व्यापारलाई प्रोत्साहन दिनुका साथै समग्र अर्थतन्त्रमा नकारात्मक असर पार्न सक्छ। सरकारले निजी क्षेत्रका जायज सरोकारहरूलाई सम्बोधन गर्दै, व्यवहारिक र दिगो समाधान खोज्नुपर्छ ताकि राजस्व संकलन सुचारु होस् र व्यापारिक गतिविधिहरू सहज रूपमा सञ्चालन हुन सकून्।

# हावाहुरीको जोखिम: दशकमा सयले गुमाए ज्यान

प्रगति ढकाल/रासस

पछिल्लो एक दशकमा देशभर हावाहुरीका घटना उल्लेख्य रूपमा बढेको तथ्याङ्कले देखाएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कअनुसार २०७३ साल वैशाख १ गतेदेखि २०८२ माघ २५ गतेसम्मको अवधिमा कूल एक हजार ५१९ वटा हावाहुरीका घटना भएका छन्।

यो अवधिमा हावाहुरीका कारण १०१ जनाले ज्यान गुमाएका छन् भने एक जना बेपत्ता भएका छन्। त्यस्तै, एक हजार ५७२ जना घाइते भएको तथ्याङ्कमा उल्लेख छ। आठ हजार ५०४ परिवार यस अवधिमा प्रभावित बनेका छन्। हावाहुरीबाट मानवीय क्षतिसँगै भौतिक क्षति पनि ठूलो मात्रामा हुने गरेको छ। विशेषगरी तराई तथा मध्य पहाडी क्षेत्रमा हावाहुरीको प्रभाव बढी देखिने गरेको विज्ञहरू बताउँछन्।

करिब ५३ करोड आर्थिक क्षति यस अवधिमा भएको तथ्याङ्कमा उल्लेख छ। यस अवधिमा भारी वर्षाका कारण ११० जनाले र हिउँ–हुरीका कारण १७ जनाले ज्यान गुमाएका छन्।

प्राधिकरणको तथ्याङ्कअनुसार यही वैशाख १ गतेदेखि १६ गतेसम्म देशभर विभिन्न प्रकारका प्राकृतिक विपद्का ६१६ घटना घटेका छन्। यी घटनामा परी ३४ जनाको मृत्यु भएको छ भने १३९ जना घाइते भएका छन्। यस अवधिमा हावाहुरीका ४४ घटनाले ३१९ परिवार प्रभावित भएका छन् र करिब रु ८३ लाख क्षति पुगेको प्राधिकरणले जनाएको छ।

जलवायुविद् डा.मनिष पाण्डेले जलवायु परिवर्तनका कारण हावाहुरीको प्रकृति तथा तीव्रता परिवर्तन हुँदै गएको भन्दै सरोकारवालाले पूर्वतयारी, समयमै सूचना प्रवाह र सुरक्षित पूर्वाधार निर्माणमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो। उहाँका अनुसार जलवायु जोखिम न्यूनीकरणका लागि जलवायु न्यूनीकरण र अनुकूलनलाई प्राथमिकतामा राख्दै पूर्वसूचना प्रणालीलाई अझ व्यवस्थित, भरपर्दो र प्रभावकारी बनाउन आवश्यक छ। 'जोखिम न्यूनीकरणका लागि जलवायु न्यूनीकरण र अनुकूलनलाई प्राथमिकता दिँदै पूर्वसूचना प्रणालीलाई व्यवस्थित र भरपर्दो बनाउनुपर्छ र त्यसमा लगानी पनि बढाउनुपर्छ,' पाण्डेले भन्नुभयो। उहाँका अनुसार हावाहुरीजन्य जोखिम न्यूनीकरणका लागि स्थानीय तहदेखि केन्द्रसम्म समन्वय बढाउनुका साथै सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाउनु अपरिहार्य रहेको छ।

**हावाहुरीको विशेष चेतावनी**

जल तथा मौसम विज्ञान विभागले हावाहुरीसम्बन्धी विशेष चेतावनी जारी गर्दै बुधबार देशका विभिन्न क्षेत्रमा उच्च गतिका हावाहुरी चल्ने सम्भावना रहेको जनाएको छ। विभागले हावाहुरीको सम्भावित समय पनि तोकेको छ। हावाहुरी सुरु हुने सम्भावित समय बुधबार अपराह्न ४ः०० बजे र समाप्त हुने सम्भावित समय बिहीबार बिहान ६ः४५ रहेको विभागले जनाएको छ।

विभागका अनुसार सुदूरपश्चिम, लुम्बिनी, गण्डकी, बागमती, मधेश र कोशी प्रदेशका विभिन्न जिल्लामा तीव्र हावाहुरी चल्न सक्ने पूर्वानुमान गरिएको छ। कञ्चनपुर, डडेल्धुरा, डोटी, बर्दिया, बाँके, दाङ, नवलपुर, चितवन, बारा, पर्सा, धनुषा, झापा, मोरङलगायतका जिल्लामा यसको प्रभाव पर्ने सम्भावना औँल्याइएको छ।

विभागका मौसमविद् सञ्जिव अधिकारीले हावाहुरी बुधबार अपराह्नदेखि सुरु भई बिहीबार बिहानसम्म जारी रहन सक्ने बताउनुभयो। "यस अवधिमा मेघगर्जन, चट्याङ तथा वर्षासहितको मौसम प्रणाली सक्रिय रहने सम्भावना पनि रहेको छ", उहाँले भन्नुभयो। विभागले सम्भावित जोखिमलाई ध्यानमा राख्दै सर्वसाधारणलाई सतर्कता अपनाउन, खुला स्थानमा अनावश्यक रूपमा ननिस्कन तथा यात्रा गर्दा विशेष सावधानी अपनाउन आग्रह गरेको छ।

मौसमविद् अधिकारीले पश्चिमबाट पूर्वतर्फ सर्ने मौसमी प्रणालीका कारण देशका धेरै स्थानमा यसको प्रभाव देखिन सक्ने भएकाले सम्बन्धित निकायलाई आवश्यक तयारी अवस्थामा रहन पनि अनुरोध गर्नुभएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले देशका विभिन्न प्रदेशका जिल्लामा भोलिदेखि तीव्र गतिको हावाहुरी चल्ने सम्भावना रहेको भन्दै सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ।

प्राधिकरणका प्रवक्ता शान्ति महतले जारी गरेको सूचनामा हावाहुरीका कारण रुख ढल्ने, कमजोर संरचना भत्किने, घरका छाना उड्ने तथा विद्युत् र सञ्चार सेवा अवरुद्ध हुनसक्ने जोखिम औँल्याइएको छ। सर्वसाधारणलाई यस्तो समयमा सकेसम्म घरबाहिर ननिस्कन, झ्यालढोका राम्रोसँग बन्द गर्न, कमजोर जस्तापाता वा छाना मजबुत बनाउन तथा रुख, खम्बा र बिजुलीका तार नजिक नबस्न आग्रह गरिएको छ। त्यस्तै, लत्रिएको बिजुली तार नछुन, आगो बाल्दा सावधानी अपनाउन र हावाहुरीका बेला उडेर आउने वस्तुबाट सतर्क रहनसमेत अनुरोध गरिएको छ।

**केही स्थानमा भारी वर्षाको सम्भावना**

विभागले बुधबार मुलुकको केही स्थानमा भारी वर्षासम्म हुने पूर्वानुमान गरेको छ। विभागका अनुसार बुधबार दिउँसो कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशलगायत कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली भू–भागमा अधिकांश बादल लाग्ने तथा सुदूरपश्चिम प्रदेशको तराई भूभागमा सामान्यतया बादल लाग्ने पूर्वानुमान गरिएको छ।

कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका धेरै स्थानहरूमा तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानहरूमा मेघगर्जन–चट्याङ–असिनासहित मध्यमसम्मको वर्षा–हिमपातको सम्भावना रहेको विभागले जनाएको छ। बुधबार राति भने कोशी, मधेश, बागमती र गण्डकी प्रदेशलगायत देशको हिमाली र पहाडी भू–भागमा अधिकांश बादल लाग्ने र तराई भूभागमा सामान्यतया बादल लाग्ने सम्भावना रहेको विभागको भनाइ छ। बुधबार विभागले जारी गरेको मौसमी बुलेटिनअनुसार कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका धेरै स्थानहरूमा तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी र हिमाली भूभागका थोरै स्थानहरूमा मेघगर्जन–चट्याङसहित मध्यमसम्मको वर्षा–हिमपातको सम्भावना रहेको छ। लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका एक–दुई स्थानमा मेघगर्जन–चट्याङ–असिनासहित मध्यमसम्मको वर्षा–हिमपातको सम्भावना रहेको विभागले जनाएको छ। विभागका अनुसार कोशी र गण्डकी प्रदेशका पहाडी भू–भागका एक–दुई स्थानमा मेघगर्जन–चट्याङसहित भारी वर्षाको पनि सम्भावना रहेको छ। देशका तराई भू–भागका केही स्थानहरूमा हावाहुरीको पनि सम्भावना रहेको छ।

**हिमाल आरोही र पदयात्रीलाई सतर्कता अपनाउन आग्रह**

हावाहुरीको सम्भावित प्रभावका कारण हिमाल आरोहण तथा पदयात्रामा जाने पर्यटकहरूलाई सतर्कता अपनाउन पर्यटन विभागले आग्रह गरेको छ। विभागले मार्ग प्रयोग गर्ने क्रममा आरोही तथा सहयोगी टोलीलाई विशेष सतर्कता अपनाउन आग्रह गरेको छ। विशेषगरी बरफका ठूला ढिस्का (सेराक) खस्ने सम्भावना रहने क्षेत्रमा जोखिम उच्च रहने भएकाले सावधानी आवश्यक रहेको जनाइएको छ। पर्यटन विभागले सबै आरोहीलाई सुरक्षित र सफल आरोहणको शुभकामना दिँदै जोखिम न्यूनीकरणका उपायहरू पालना गर्न अनुरोध गरेको छ।

विभागका निर्देशक तथा सूचना अधिकारी हिमाल गौतमले मौसमसम्बन्धी पूर्वसूचनालाई आधार मानेर यात्रा गर्न आवश्यक रहेको बताउनुभयो। उहाँका अनुसार हालका लागि पदयात्रा पूर्णरूपमा रोकिएको छैन। तर हिमाल आरोहीहरूले भने मौसमको अवस्थालाई नजिकबाट मूल्याङ्कन गरेर मात्रै अगाडि बढ्नुपर्ने अवस्था रहेको उहाँले स्पष्ट पार्नुभयो।

'अहिले पदयात्रा रोकेका छैनौँ। हिमाल आरोहीहरूले मौसम हेरेर मात्रै अगाडि बढ्छन्। तर ट्रेकिङमा जाने पर्यटकहरूलाई असर पर्न सक्छ,' गौतमले भन्नुभयो, 'हामीले रोक्न सक्दैनौँ, तर मौसम विज्ञान विभागले जारी गरेको विशेष सूचनाका आधारमा सबैलाई सतर्कता अपनाउन अनुरोध गरेका छौँ।'

विभागका अनुसार यस सिजनमा २९ वटा हिमालका लागि आरोहण अनुमति जारी गरिएको छ। ती हिमालहरूका लागि कूल ९९९ आरोही र ११८ समूहका लागि आरोहण अनुमति स्वीकृत भएको छ।

त्यस्तै सगरमाथा आरोहणका लागि मात्रै ४२५ जना आरोहीले अनुमति प्राप्त गरेका छन्। आरोहीबाट करिब एक अर्ब सात करोड ८७ लाख राजस्व सङ्कलन भएको छ। पर्यटन विभागले मौसमी अवस्थालाई ध्यानमा राख्दै यात्रा तथा आरोहण गर्दा अनिवार्य सावधानी अपनाउन सम्बन्धित सबैलाई आग्रह गरेको छ।

**जोखिम बढ्ने अवस्था आएमा पदयात्रा रोकिने**

सोलुखुम्बुकी प्रमुख जिल्ला अधिकारी लिलाकुमारी केसी पाण्डेले सगरमाथा क्षेत्रमा सम्भावित हावाहुरीको अवस्थाबारे विभागसँग समन्वय गरी आवश्यक निर्णय लिने बताउनुभयो। उहाँका अनुसार हावाहुरीसम्बन्धी सूचना सार्वजनिक गर्दै सगरमाथा आरोही, पदयात्री तथा सरोकारवालालाई सचेतना बढाउने उद्देश्यले जानकारी प्रवाह गरिएको छ। सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा समेत सचेतनामूलक सन्देश प्रवाह गरिएको उहाँले जानकारी दिनुभयो।

'अहिलेको अवस्थामा पदयात्रा पूर्ण रूपमा रोक्ने निर्णय गरिएको छैन, तर सावधानी अपनाएर मात्रै यात्रा गर्न आग्रह गरेका छौँ,' पाण्डेले भन्नुभयो, 'यदि जोखिम बढ्ने अवस्था आयो भने तत्काल पदयात्रा रोक्न निर्देशन जारी गरिनेछ।' उहाँका अनुसार सम्भावित विपद्को प्रतिकार्यका लागि सुरक्षा निकाय र स्थानीय तहसँग समन्वय गरी तयारी अवस्थामा राखिएको छ।

# कार्ययोजना अभावमा वन संरक्षण क्षेत्र अलपत्र

इन्द्राकुमारी केसी/रासस

मुलुकमा सङ्घीय संरचना लागू भएपछि वन व्यवस्थापनलाई अझ व्यवस्थित, उत्तरदायी र प्रभावकारी बनाउने उद्देश्यले सङ्घ र प्रदेश दुवै तहबाट कानूनी तथा नीतिगत व्यवस्था गरिए पनि कार्यान्वयनमा भने संरक्षण क्षेत्र अपेक्षित रूपमा सक्रिय र परिणाममुखी हुन सकेका छैनन्।

सुदूरपश्चिम प्रदेशको कैलालीस्थित वसन्ता वन संरक्षण क्षेत्र र कञ्चनपुरको लालझाडी–मोहना वन संरक्षण क्षेत्रलाई यस अवस्थाको प्रतिनिधि उदाहरणका रूपमा लिन सकिन्छ।

विसं २०६८ फागुन १५ गते औपचारिक रूपमा वन संरक्षण क्षेत्र घोषणा गरिएको यी दुवै क्षेत्रले करिब ९८ हजार ६४३ हेक्टर क्षेत्रफल ओगटेको छ। यी क्षेत्रहरू नेपाल–भारत सीमावर्ती भूभागमा अवस्थित भई वन्यजन्तुको आवागमनका लागि महत्वपूर्ण जैविक मार्गका रूपमा परिचित छन्। वसन्ता वनले तराई र चुरे क्षेत्रबीचको पारिस्थितिकीय सम्बन्ध कायम राख्नुका साथै भारतस्थित दुधवा नेशनल पार्कसँगको अन्तरसम्बन्धलाई समेत जीवन्त बनाएसँगै दुर्लभ तथा सङ्कटापन्न वन्यजन्तुको आवागमन र वासस्थान संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

प्रदेश सरकारले डडेलधुराको महाभारत क्षेत्र, बैतडीको ग्वालेक केदार र सिँगास, अछामको रामारोशन तथा डोटीको तेले लेक गरी थप पाँच वटा क्षेत्रलाई प्रस्तावित वन संरक्षण क्षेत्रका रूपमा अघि सारेको छ। यी प्रस्तावित क्षेत्रहरूको कुल क्षेत्रफल करिब ८३ हजार ५६१ हेक्टर रहेको छ, जसले प्रदेशको जैविक विविधता संरक्षण र पर्या–पर्यटन प्रवद्र्धनमा दीर्घकालीन योगदान पु¥याउने अपेक्षा गरिएको छ।

राष्ट्रिय तथा अन्तरराष्ट्रिय दृष्टिकोणबाट वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक रूपमा महत्वपूर्ण मानिएका, विशेषगरी जलाधार संरक्षणका हिसाबले संवेदनशील देखिएका क्षेत्रहरू जसमा संरक्षित क्षेत्र बाहिर रहेका वन, वनस्पति तथा वन्यजन्तुको संरक्षण र व्यवस्थापन आवश्यक ठानिएको छ।

यसले संरक्षण र विकासबीच सन्तुलन कायम गर्दै स्थानीय समुदायको सहभागितामूलक व्यवस्थापनलाई समेत प्रोत्साहन गर्ने उद्देश्य राखेको छ।

यस्ता महत्वपूर्ण क्षेत्रहरू घोषणा गरिएको १५ वर्ष बितिसक्दा पनि व्यवस्थापनका आधारभूत उपकरण मानिने कार्ययोजना समयमै अद्यावधिक हुन सकेका छैनन्। नियमअनुसार प्रत्येक पाँच वर्षमा नवीकरण गर्नुपर्ने कार्ययोजना २०७३ सालमै नवीकरण भइसक्नुपर्ने भए पनि हालसम्म त्यसको प्रक्रिया पूरा हुन सकेको छैन। कार्ययोजना अभावले संरक्षण गतिविधि, बजेट व्यवस्थापन, समुदायको संलग्नता तथा दीर्घकालीन रणनीतिक कार्यान्वयनमा प्रत्यक्ष असर परेको देखिन्छ। यसले वन संरक्षण क्षेत्रको प्रभावकारिता घटाउँदै लैजानुका साथै सम्बन्धित निकायबीचको समन्वय र उत्तरदायित्वबारे समेत प्रश्न उठाएको छ।

देशको करिब ४६ प्रतिशतभन्दा बढी भू–भाग वनले ढाकिएको अवस्थामा यसको संरक्षण, समुचित उपयोग र दिगो व्यवस्थापन राष्ट्रिय प्राथमिकताको विषय बनेको छ। वन ऐन २०७६ मा विभिन्न खालका वन व्यवस्थापन पद्धतिहरूमध्ये वन संरक्षण क्षेत्र एक महत्वपूर्ण संरचनात्मक उपायका रूपमा रहेको छ। नेपालको वन क्षेत्र जैविक विविधता संरक्षण, वातावरणीय सन्तुलन कायम राख्ने तथा स्थानीय समुदायको जीविकोपार्जन सुनिश्चित गर्ने दृष्टिले अत्यन्त महत्वपूर्ण आधारका रूपमा रहेको छ।

कानून छन्, तर कार्यान्वयनमा अन्योल

सङ्घीय र सुदूरपश्चिम प्रदेशको वन ऐन तथा नियमावलीमा वन संरक्षण क्षेत्र व्यवस्थापनका लागि दोहोरो जिम्मेवारीसहितको छुट्टाछुट्टै विवादित प्रावधानहरू रहेका छन्। सङ्घीय वन नियमावली, २०७९ अनुसार वन तथा भू–संरक्षण विभागले वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गरी वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराई त्यस्तो कार्ययोजना डिभिजनल वन अधिकृतले कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ तर सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ ले भने फरक प्रक्रिया तोकेको छ।

नियमावलीअनुसार डिभिजन वन कार्यालयले कार्ययोजना तयार गर्ने, त्यसलाई वन निर्देशनालयको सिफारिसमा प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरी डिभिजनल वन अधिकृतले कार्यान्वयन गर्ने व्यवस्था रहेको छ। एउटै विषयमा सङ्घीय र प्रदेश कानूनमा फरक–फरक व्यवस्था हुँदा कार्ययोजना निर्माण र स्वीकृतिमा अन्योलता उत्पन्न भएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत जनक पाध्या बताउनुहुन्छ। उहाँका अनुसार बसन्ता वन संरक्षण क्षेत्रको प्रारम्भिक कार्ययोजना वन विभागले तयार गरी स्वीकृत गरेको थियो। 'पहिलेको कार्ययोजना वन विभागले बनाएको हो, अहिले नयाँ कानूनी व्यवस्था आएपछि कसले बनाउने भन्ने अन्योल छ,' उहाँले भन्नुभयो।

कार्ययोजना ढिलाइले वन संरक्षण प्रभावित

वन संरक्षण क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि कार्ययोजनाले संरक्षणका गतिविधि, बजेट, जनशक्ति परिचालन र कार्यान्वयनको ढाँचा तय गर्छ तर कैलालीको वसन्ता वन संरक्षण क्षेत्र र कञ्चनपुरस्थित लालझाडी–मोहना वन संरक्षण क्षेत्रको कार्ययोजना नवीकरण हुन सकेको छैन। सङ्घीय सरकारले घोषणा गरेका संरक्षित वन क्षेत्र कार्ययोजना अभावमा प्रभावहीन बन्दै गएका छन्।

डिभिजन वन कार्यालय कञ्चनपुरका डिभिजनल वन अधिकृत लक्ष्मीराज जोशी आगामी आर्थिक वर्षमा कार्ययोजना नवीकरण गर्ने तयारी भइरहेको बताउनुहुन्छ। वन संरक्षण क्षेत्र सञ्चालनका लागि आवश्यक बजेटको अभाव अर्को ठूलो समस्या बनेको छ। लालझाडी–मोहना वन संरक्षण क्षेत्रका सदस्य सचिव तथा वरिष्ठ वन अधिकृत भरत शाहका अनुसार चालु आर्थिक वर्षमा यस क्षेत्रका लागि बजेट नै विनियोजन भएन।

कार्ययोजनाअन्तर्गत वन गस्ती, जैविक विविधता संरक्षण, वन्यजन्तु संरक्षण, जनचेतना कार्यक्रम र समुदायको सहभागिता अभिवृद्धि गर्ने गतिविधि सञ्चालन गर्नुपर्ने भए पनि बजेट अभावले ती काम नियमित रूपमा गर्न कठिन भइरहेको छ। 'संरक्षण क्षेत्र नाममै सीमित जस्तो भएको छ,' उहाँ भन्नुहुन्छ, 'हामीले गर्नुपर्ने संरक्षणका नियमित गतिविधिहरु सञ्चालन गरिरहेका छौँ।'

चालु आवमा सङ्घीय सरकारले कैलालीको वसन्ता वन संरक्षणका लागि रु ३५ लाख मात्रै बजेट विनियोजन गरेको छ। उक्त बजेट कर्मचारी व्यवस्थापनमै सीमित हुँदा वन संरक्षण, जैविक विविधता संरक्षण र जीविकोपार्जनसँग सम्बन्धित कार्यक्रम सञ्चालन हुन सकेका छैनन्।

वन संरक्षण क्षेत्र परिषद्ले भने विभिन्न सरोकारवालासँग सहकार्य गर्दै संरक्षणका गतिविधिहरु अघि बढाइरहेको वसन्ता वन परिषद्का अध्यक्ष पुष्कल बहादुर बम बताउनुहुन्छ। उहाँका अनुसार समुदायको सहभागिता बढाउने, जनचेतना फैलाउने र वन्यजन्तु संरक्षणमा ध्यान दिने काम भइरहेको छ।

कार्ययोजना निर्माणका लागि 'जल, जङ्गल र जमिन' परियोजनासँग समन्वय भइरहेको थियो। तर, परियोजना समाप्त भएपछि कार्ययोजना निर्माणको काम बीचमै अलपत्र परेको वसन्ता वन परिषद्का अध्यक्ष बम बताउनुहुन्छ। परिषद्लाई अझ प्रभावकारी बनाउन कार्ययोजना छिटो स्वीकृत हुन आवश्यक रहेको उहाँको भनाइ छ।

वन संरक्षण क्षेत्रहरूको कार्ययोजना निर्माण तथा नवीकरणमा ढिलाइ हुँदा संरक्षणका गतिविधि प्रभावकारी हुन नसकेको प्रदेश वन निर्देशक हेमराज विष्ट बताउनुहुन्छ। उहाँले लालझाडी–मोहनाको कार्ययोजना नवीकरणका लागि अन्तरराष्ट्रिय साझेदारको आर्थिक सहयोगमा तयारी, सरोकारवालासँग प्रस्तुतीकरण र आवश्यक प्रक्रिया पूरा गरिए पनि अझै स्वीकृतिको अन्तिम चरणमै रहेको जानकारी दिनुभयो।

त्यस्तै वसन्ता क्षेत्रको कार्ययोजना पनि तयार भई केन्द्रमा पठाइएपछि स्वीकृतिबारे स्पष्ट जानकारी नआएको उहाँको भनाइ छ।

सङ्घीय र प्रदेश तहबिच स्वीकृतिको अधिकार कसले प्रयोग गर्ने भन्ने विषयमा रहेको अन्योलले पनि प्रक्रिया लम्बिएको उहाँले उल्लेख गर्नुभयो। निर्देशक विष्टका अनुसार कार्ययोजना स्वीकृत नहुँदा आवश्यक बजेट, कार्यक्रम र जनशक्ति अभावका कारण उद्देश्यअनुसार वन संरक्षण क्षेत्रको व्यवस्थापन हुन सकेको छैन।

स्थानीय समुदायको सहभागिता कमजोर हुनु पनि अर्को चुनौतीका रूपमा देखिएको निर्देशक बिष्टले बताउनुभयो। वन संरक्षण क्षेत्र सरकारको मात्र हो भन्ने बुझाइका कारण स्थानीयले चासो नदिँदा सामुदायिक वनमा बढी दबाब पर्ने र संरक्षण क्षेत्रभित्र अपेक्षित संरक्षण नहुने अवस्था सिर्जना भएको उहाँको भनाइ छ।

उहाँ भन्नुहुन्छ, वन संरक्षण क्षेत्र घोषणा गर्नुको उद्देश्य जैविक विविधता संरक्षण, पारिस्थितिक सन्तुलन कायम र पर्या–पर्यटन प्रवद्र्धन भए पनि आवश्यक स्रोत–साधन र कार्यक्रम नहुँदा लक्ष्य हासिल हुन सकेको छैन।

वन संरक्षण क्षेत्र व्यवस्थापनका लागि संरक्षण परिषद् गठन गरी विभिन्न निकाय र समुदायलाई समेट्ने प्रयास भए पनि कार्ययोजना र बजेट अभावका कारण परिषद् प्रभावकारी बन्न सकेको छैन। वन संरक्षण क्षेत्र व्यवस्थापनमा देखिएका समस्या समाधानका लागि सबैभन्दा पहिले कार्ययोजनाको शीघ्र स्वीकृति आवश्यक रहेको निर्देशक विष्टले जोड दिनुभयो। सङ्घ र प्रदेशबीचको अधिकार स्पष्ट गर्दै निर्णय प्रक्रिया छिटो बनाउनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो।

संरक्षणमा ग्रामीण सहजकर्ता

वन संरक्षण क्षेत्रमा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न ग्रामीण सहजकर्तालाई परिचालन गरिएको छ। वसन्ता वन संरक्षण क्षेत्रमा हाल सात जना ग्रामीण सहजकर्ता कार्यरत छन्, जसले समुदायसँग प्रत्यक्ष रूपमा जोडिएर संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम गरिरहेका छन्। उनीहरूले गाउँगाउँमा पुगेर वनको महत्व, जैविक विविधता संरक्षण र दिगो उपयोगबारे जानकारी दिने, छलफल गर्ने तथा स्थानीयलाई सहभागितामूलक कार्यक्रमतर्फ आकर्षित गर्ने जिम्मेवारी निर्वाह गरिरहेका छन्।

वसन्ताअन्तर्गत सुखड सब–डिभिजन वन कार्यालयमा कार्यरत ग्रामीण सहजकर्ता ज्ञानु चौधरीले समुदायसँग प्रत्यक्ष जोडिएर काम गरिरहनुभएको छ। उहाँ भन्नुहुन्छ, 'मानिस विस्तारै संरक्षणमा सहभागी हुन थालेका छन्।'

थारू गायक मनीराम चौधरी ग्रामीण सहजकर्ताका रूपमा आबद्ध भई उदासीपुर सब–डिभिजन वन कार्यालयअन्तर्गत कार्यरत हुनुहुन्छ। उहाँ विभिन्न सचेतनामूलक कार्यक्रमहरूमा सहभागी भई संरक्षणसम्बन्धी सन्देश गीतमार्फत प्रस्तुत गर्नुहुन्छ। स्थानीय भाषामा गाइने यस्ता गीतहरूले समुदायमा छिटो प्रभाव पार्ने र सन्देशलाई सहज रूपमा बुझ्न सहयोग पुग्ने भएकाले गीतमार्फत पनि संरक्षणका क्रियाकलाप गरिरहेको उहाँ बताउनुहुन्छ।

ग्रामीण सहजकर्ता महेश चौधरीका अनुसार वन संरक्षण कार्यक्रमले स्थानीय बासिन्दामा सकारात्मक परिवर्तन ल्याउन थालेको छ। उहाँका अनुसार समुदायमा वन संरक्षणप्रति चासो बढ्दो छ र अवैध दोहन तथा वनमा हुने क्षतिमा पनि केही कमी आएको अनुभव गरिएको छ। संरक्षणलाई अझ प्रभावकारी बनाउन स्थानीय समुदायलाई जोड्ने गरी कार्यक्रम ल्याउनुपर्नेमा उहाँको जोड छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सञ्चार मन्त्रालयको कार्यप्रगतिः

# स्मार्ट लाइसेन्स छपाइ, सरकारी सेवामा सुधार




**काठमाडौं ।**
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पछिल्लो एक महिनामा भए÷गरेका कामको प्रगति सार्वजनिक गरेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्रीका रूपमा डा विक्रम तिमिल्सिनाले जिम्मेवारी सम्हालेयताका कामको प्रगति सार्वजनिक गर्दै मन्त्रालयले प्रशासनिक तथा प्रविधिमैत्री सेवा प्रवाहमा उल्लेख्य सुधार भएको जनाएको छ । मन्त्रालयले सरकारको १०० बुँदे शासकीय सुधार कार्यसूचीलाई उच्च प्राथमिकतामा राख्दै नागरिकले प्रत्यक्ष अनुभूति गर्ने खालका सेवा सुधारलाई तीव्रता दिएको जनाएको छ ।
जसअनुसार सवारी चालक अनुमतिपत्र (स्मार्ट लाइसेन्स) छपाइ, सरकारी कुरियर सेवा, दूरसञ्चार सेवा सुधार, डिजिटल सेवा विस्तार, साइबर सुरक्षा तथा प्रशासनिक सुधारका क्षेत्रमा पछिल्लो एक महिनामा गरिएका काम मन्त्रालयले सार्वजनिक गरेको हो । मन्त्रालयका अनुसार सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) छपाइमा देखिएको लामो समयदेखिको ढिलाइ अन्त्य गर्न विशेष पहल गरिएको छ । अब नयाँ निवेदनका हकमा यातायात व्यवस्था विभागबाट तथ्याङ्क प्राप्त भएको २४ घण्टाभित्र सुरक्षण मुद्रण केन्द्रमार्फत लाइसेन्स छपाइ गरी विभागलाई हस्तान्तरण गर्ने व्यवस्था गरिएको छ ।
सम्झौताअनुसार १२ लाख थान सवारी चालक अनुमतिपत्र छपाइ सम्पन्न भइसकेको मन्त्रालयले जनाएको छ । थप १७ लाख थान पुराना लाइसेन्स असार मसान्तभित्र छाप्ने गरी विभाग र केन्द्रबीच नयाँ सम्झौता भएको छ । यसैगरी ३० लाख थान हुलाक टिकट छपाइ गरी हुलाक सेवा विभागलाई हस्तान्तरण गरिएको छ ।
हुलाक सेवालाई आधुनिक बनाउने लक्ष्यसहित मन्त्रालयले 'सरकारी कुरियर सेवा'को अवधारणा अघि बढाएको छ । यसअन्तर्गत राहदानी अब नागरिकको घरमै पुर्याउने सेवा सुरु गरिएको छ । प्रारम्भिक चरणमा कालिकोट, सिन्धुपाल्चोक, बाँके, कास्की, सुनसरी, मकवानपुर, म्याग्दी, सिरहा, डडेल्धुरा र गुल्मी जिल्लामा सेवा उपलब्ध गराइएको छ । गोरखा, सङ्खुवासभा, सिन्धुली र सप्तरीमा समेत सेवा विस्तारको प्रक्रिया अघि बढाइएको मन्त्रालयले जनाएको छ । नागरिकलाई स्थानीय तहसम्म नजिकबाट सेवा दिन हालको पाँच अङ्कको पोस्टल कोडलाई सङ्घीय संरचनाअनुसार सात अङ्कको प्रणालीमा स्तरोन्नति गरिएको छ । दूरसञ्चार सेवामा उपभोक्तामैत्री सुधार गरिएको पनि मन्त्रालयले दाबी गरेको छ । जसअनुसार प्रिपेड मोबाइल सेवाका सबै प्याकेजको अवधि २८ दिनबाट बढाएर ३० दिन पु¥याइएको छ ।
नेपाल टेलिकमका ग्राहकहरूको डाटा प्याकेज सकिएपछि स्वतः ब्यालेन्स काटिने 'पे–एज यु–गो' प्रणालीलाई परिमार्जन गरी ग्राहकले आफैँ त्यो सुविधा जारी राख्ने वा बन्द गर्न सक्ने सुविधा थपिएको छ । ९० प्रतिशत डाटा खपत भएपछि अनिवार्य पूर्वसूचना दिने व्यवस्था पनि मिलाइएको छ । मन्त्रालयले फोरजी सेवाको गुणस्तर सुधार गर्न ८०० मेगाहर्ज ब्यान्डमा थप फ्रिक्वेन्सी उपलब्ध गराउने निर्णय भएको जनाएको छ । साथै मोबाइल सेवाका लागि ३३००–३७०० मेगाहर्ज ब्यान्ड खुला गरी फाइभजी विस्तारको मार्गप्रशस्त गरिएको छ । सबै सेवाहरूलाई अनलाइन बनाउने तथा 'वान टाइम केवाइसी' लागू गर्ने प्रक्रिया पनि अघि बढाइएको छ । नेपाल टेलिकमका कार्यालयहरूमा ग्राहक सेवा डेस्क स्थापना गरी सेवा प्रवाह प्रभावकारी बनाउने काम सुरु गरिएको छ । मन्त्रालयका अनुसार डिजिटल नेपाल अभियानअन्तर्गत नागरिक एप मा नयाँ सेवा थपिएका छन् । नागरिक एपमा प्रहरी प्रतिवेदन, नेपाल इन्जिनियरिङ काउन्सिलको प्रमाणपत्र तथा लोकसेवा आयोगको प्रवेशपत्र डाउनलोड गर्ने सुविधा उपलब्ध भएको छ ।
एपमा रहेको राष्ट्रिय परिचयपत्रको डेमोग्राफिक डाटा व्यक्तिको सहमतिमा क्युआर कोड स्क्यान गरी 'अटोफिल' हुने प्रणाली राहदानी विभाग र यातायात व्यवस्था विभागको सूचना प्रणालीसँग जोड्ने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ । त्यस्तै, सरकारी कार्यालय व्यवस्थापनलाई प्रविधिमैत्री बनाउन एकीकृत कार्यालय व्यवस्थापन प्रणाली प्रभावकारी बनाउने कार्य प्रारम्भ गरिएको छ । सरकारको एकीकृत वेबसाइटलाई अन्तरराष्ट्रिय मापदण्डअनुसार पहुँचयोग्य बनाउने काम पनि सुरु भएको छ ।
साइबर सुरक्षामा पनि मन्त्रालयले आक्रामक कदम चालेको जनाएको छ । नेपाल दूरसञ्चार प्राधिकरणमार्फत यो अवधिमा ११ हजारभन्दा बढी सट्टेबाजी एप र वेबसाइट बन्द गरिएको छ । शासकीय सुधारतर्फ मन्त्रालय र मातहतका निकायमा 'शून्य बाँकी फाइल सप्ताह' सञ्चालन गरी प्रशासनिक ढिलासुस्ती अन्त्य गर्ने अभियान सुरु गरिएको छ भने कर्मचारी आचारसंहिता लागू गरिएको छ । मन्त्रालयले सात दिनभित्र प्रमुख १० कार्य, समयसीमा, जिम्मेवार अधिकारी तथा कार्यसम्पादन सूचकसहितको कार्ययोजना तयार गरी कार्यान्वयनमा लगेको जनाएको छ ।
सेवा प्रवाहलाई सरल, छिटो र परिणाममुखी बनाउन कार्यविधि, मापदण्ड तथा अनुगमन प्रणाली सुरु गरिएको पनि मन्त्रालयको कार्यप्रगतिमा उल्लेख छ । त्यस्तै, गैरकर राजस्व वृद्धि गर्ने सुझावसहित प्रारम्भिक प्रतिवेदन अर्थ मन्त्रालयमा पठाइएको छ । कानुनी सुधारअन्तर्गत मन्त्रालयले तयार पारेको सूचना प्रविधि विधेयक र साइबर सुरक्षा विधेयक मस्यौदामा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त भएको छ । यसले आगामी दिनमा डिजिटल शासन र साइबर अपराध नियन्त्रणका लागि नयाँ कानुनी आधार तयार हुने अपेक्षा गरिएको छ ।
रेडियो नेपालमार्फत लोपोन्मुख आठपहरिया राई तथा मुडियारी भाषामा नयाँ कार्यक्रम प्रसारण सुरु गरिएको छ भने नेपाल टेलिभिजनको स्टुडियोदेखि नयाँ संसद् भवनसम्म उच्च गुणस्तरको प्रत्यक्ष प्रसारणका लागि अप्टिकल फाइबर जडान गरिएको छ । सामाजिक सञ्जालमार्फत हुने वैदेशिक रोजगारीका अनधिकृत विज्ञापन रोक्न विज्ञापन बोर्ड, नेपाल दूरसञ्चार प्राधिकरण र वैदेशिक रोजगार विभागबीच समन्वय गरी नियमन प्रक्रिया सुरु गरिएको छ । मन्त्रालयले एक महिनाको अवधिमा नीतिगत सुधार, प्रविधिमैत्री सेवा र जनताले प्रत्यक्ष लाभ महसुस गर्नेगरी कामको थालनी भएको दाबी गर्दै आगामी दिनमा यी कार्यक्रमलाई अझ प्रभावकारी रूपमा अघि बढाइने प्रतिबद्धता व्यक्त गरेको छ । रासस

# घरबारविहीनको व्यवस्थापनको जिम्मा सरकारले लिन्छः लामिछाने



काठमाडौँ ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले घरबारविहीन नागरिकको उचित व्यवस्थापनको जिम्मा सरकारले लिने बताएका छन् । बुधबार सिंहदरबारमा बसेको रास्वपा संसदीय दलको अनौपचारिक बैठकमा उहाँले जोखिमयुक्त क्षेत्रको बस्ती व्यवस्थापनका क्रममा सरकारले कसैलाई घरबारविहीन नबनाउने बताए ।
जोखिमपूर्ण स्थानमा रहेका सुकुम्बासीलाई पटकपटक सूचना दिएर सुरक्षित स्थानमा सरल तरिकाले सारिएको छ, सभापति लामिछानेको भनाइ उद्धृत गर्दै रास्वपाका प्रवक्ता मनिष झाले भने, ढल र बाढीको छेउमा बस्न बाध्य नागरिकको सुरक्षित बासस्थानबारे चिन्ता छ र सबैको भविष्यबारे चिन्ता गर्नु यो सरकारको कर्तव्य हो ।
सभापति लामिछानेले देशैभरि अव्यवस्थित बसोबाससम्बन्धी समस्यालाई एक विशेष आयोग बनाएर शीघ्र सम्बोधन गरिने बताए । सरकारले कोही सुकुम्बासीलाई घरबारविहीन हुन दिने छैन, आवश्यक समन्वयका लागि सुझाव स्वागत योग्य छ, उनले भने, तर अनावश्यक राजनीतिकरण गर्नुहुँदैन । कसैलाई बाढीको जोखिम र ढलको छेउ बस्न बाध्य बनाएर 'भोट बैंक' को राजनीति गर्नु गलत हो ।

'कसैलाई दुःख दिन होइन, आवश्यक सुधारका लागि अध्यादेश'

सभापति लामिछानेले जनअपेक्षा पूरा गर्न तथा आवश्यक सुधारका लागि सरकारले अध्यादेश सिफारिस गरेको बताए ।
विगतमा भएको अनावश्यक दलीयकरण र गलत नियुक्तिलाई नसच्याएसम्म जनताले यो सरकारबाट गरेको अपेक्षा पूरा गर्न सकिँदैन, पहिले अध्यादेश दल फुटाउन वा विपक्षीलाई थुन्न ल्याइने अभ्यास थियो । अहिलेको अभ्यास कसैलाई दुःख दिन वा कसैलाई सुविधा दिन हैन यो आवश्यक सुधारका लागि हो, उनले भने, यो कदम, कानुनी दायरामा बसेर गरिँदै गरेको एक अभ्यास हो, कानुन, राजनीतिक व्यवहार र लोकतान्त्रिक पद्धतिप्रति राष्ट्रिय स्वतन्त्र पार्टी कति गम्भीर छ भन्ने कुराको सूचक संसदीय समिति प्रमुख प्रतिपक्षले एक वचन माग नगर्दा पनि दिएको अभ्यासले पनि देखाउँछ ।
जनप्रतिनिधिका रूपमा आफ्नो कर्तव्य निर्वाह गर्दा कुनै कठिनाइ भए आफू आवश्यक सहजीकरणका लागि तयार रहेको जनाउँदै सभापति लामिछानेले सधैँ बैठक कुरेर पनि नबस्न र लिखित रूपमा आफ्नो कुरा राख्न अनुरोध गरे । रासस

# अध्यादेश फिर्ता लिन नेपाल बारको माग




**काठमाडौँ ।**
नेपाल बार एसोसिएसनले राष्ट्रपतिसमक्ष सिफारिस गरिएका अध्यादेशहरू तत्काल फिर्ता लिन सरकारसँग माग गरेको छ । संसद् अधिवेशन आह्वान भइसकेको अवस्थामा त्यसलाई छलेर अध्यादेश ल्याउनु संविधानवाद र संसदीय अभ्यासको प्रतिकूल हुने नेपाल बारको ठहर छ ।
बारका महासचिव केदारप्रसाद कोइरालाले बुधबार विज्ञप्ति जारी गर्दै जनप्रतिनिधिमूलक संस्था, संसदीय विधि र प्रक्रियाको सम्मान गर्न सरकारलाई आग्रह गरेका हुन् । 'अपवादका रूपमा अस्थायी तवरबाट प्रयोग हुने अध्यादेशको दुर्लभ अभ्यासलाई नियमित संसद् अधिवेशन छलेर जारी गर्नु स्वेच्छाचारिता हो', विज्ञप्तिमा भनिएको छ, 'यसले संविधानको मर्ममाथि प्रहार गर्छ ।'बारले मुख्यतः संसद् अधिवेशनको तयारी भइरहेका बेला अधिवेशन स्थगित गरेर अध्यादेश ल्याउनु लोकतान्त्रिक मूल्य मान्यता विपरीत रहेको ठहर गरेको छ । त्यसैगरी अध्यादेशमार्फत शासन चलाउने प्रवृत्तिले संविधानको मर्ममा आघात पु¥याउने नेपाल बारको जिकिर छ । संसदीय प्रक्रियालाई छलेर गरिने यस्ता निर्णयले सरकारको स्वेच्छाचारितालाई बढावा दिने नेपाल बारले दाबी गरेको छ । बारले सरकारलाई आफ्नो निर्णय सच्याउँदै विधिको शासन कायम राख्न र सिफारिस गरिएका अध्यादेशहरू अविलम्ब फिर्ता लिन सचेत गराएको छ । रासस

# सभामुख र संयुक्त राष्ट्रसङ्घकी आवासीय संयोजकबीच भेट

**काठमाडौँ ।**
सभामुख डोलप्रसाद (डिपी) अर्यालसँग नेपालका लागि संयुक्त राष्ट्रसङ्घकी आवासीय संयोजक लिला पिटर्स याह्याले आज शिष्टाचार भेटवार्ता गरेका छन् ।
भेटमा नेपाल–संयुक्त राष्ट्रसङ्घ सहकार्य, युवा सहभागिता, शिक्षा, लैङ्गिक समानता, कूटनीति तथा जलवायु परिवर्तनका समसामयिक विषयमा विस्तृत छलफल भएको सभामुखको सचिवालयले जनाएको छ । भेटका क्रममा सभामुख अर्यालले आवासीय संयोजक याह्यालाई स्वागत गर्दै नेपाल सरकार र सङ्घीय संसद् संयुक्त राष्ट्रसङ्घसँग समन्वयका लागि सदैव प्रतिबद्ध रहेको बताए । पछिल्लो आम निर्वाचनपश्चात् गठन भएको प्रतिनिधिसभामा युवाहरूको उल्लेखनीय सहभागिता भएको उल्लेख गर्दै यसलाई नेपालको लोकतान्त्रिक अभ्यासको ऐतिहासिक उनले उपलब्धि बताए ।
निर्वाचनपश्चात् हामी परिणाममुखी कार्यसम्पादनमा केन्द्रित छौँ, सभामुख अर्यालले भने, युवाहरूलाई



सशक्तीकरण गर्दै अघिल्लो पुस्ताको अनुभवसँग समन्वय गरी अघि बढ्नु आजको आवश्यकता हो । उनले समावेशी लोकतन्त्र सुदृढीकरणका लागि महिला सहभागिता वृद्धि अपरिहार्य रहेको उल्लेख गर्दै वर्तमान संवैधानिक व्यवस्थालाई थप सुदृढ बनाउँदै महिला–पुरुष ५०÷५० प्रतिनिधित्वतर्फ उन्मुख हुने लक्ष्य रहेको जानकारी दिए ।
सभामुख अर्यालले अबको राजनीतिक प्राथमिकता विकास, सुशासन र चेतनाको विस्तारमा केन्द्रित हुनुपर्नेमा जोड दिए । उनले विभिन्न पुस्ताबीचको अनुभव, ऊर्जा र क्षमताको समायोजनमार्फत शिक्षा, स्वास्थ्य लगायतका आधारभूत क्षेत्रमा सुधार ल्याउने उद्देश्यका साथ प्रभावकारी कानुन निर्माणमा संसद केन्द्रित हुने स्पष्ट पारे ।
शान्ति स्थापना मिसनमा नेपालको योगदान उल्लेख गर्दै सभामुख अर्यालले नेपाल संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापना अभियानमा अग्रणी योगदानकर्ता राष्ट्रमध्ये एक भएको बताए । अन्तरराष्ट्रिय सन्धि तथा महासन्धिहरूका सन्दर्भमा नेपालको राष्ट्रिय हितअनुरूप आवश्यक अध्ययन गरी उपयुक्त निर्णय लिने प्रतिबद्धता पनि उनले व्यक्त गरे ।
जलवायु परिवर्तनका विषयमा सभामुख अर्यालले नेपाल न्यून कार्बन उत्सर्जन गर्ने राष्ट्र भए तापनि यसको प्रत्यक्ष र गम्भीर असर भोगिरहेको उल्लेख गरे । हिमालहरू तीव्र रूपमा पग्लिरहेका छन्, जनजीवन प्रभावित भइरहेको छ र विपद्का घटनाहरू बढिरहेका छन्, उनले भने, नेपालले जलवायु न्यायका लागि अन्तरराष्ट्रिय मञ्चहरूमा निरन्तर आवाज उठाइरहेको छौँ ।
उक्त अवसरमा आवासीय संयोजक याह्याले संयुक्त राष्ट्रसङ्घका महासचिव तथा नेपालस्थित युएन टिमको तर्फबाट सभामुख अर्याललाई बधाई ज्ञापन गर्दै नेपालको लोकतान्त्रिक उपलब्धिको प्रशंसा गरिन् । उनले सङ्क्रमणकालीन अवस्थाबाट सफलतापूर्वक बाहिरिँदै निर्वाचन सम्पन्न गरी युवामुखी संसद् गठन गर्नु नेपालका लागि मात्र नभई विश्वकै लागि उदाहरणीय भएको उल्लेख गरिन् । रासस

# सिटौला राष्ट्रिय सभा दलको नेताबाट हटाइए, नयाँ जिम्मेवारी कमला पन्तलाई

**काठमाडौं ।**
नेपाली कांग्रेसले राष्ट्रिय सभा संसदीय दलको नेताबाट कृष्णप्रसाद सिटौलालाई हटाएको छ । चौधौँ महाधिवेशनबाट निर्वाचित कार्यसमितिमा सक्रिय भइरहेपछि सिटौलालाई दलको नेताबाट हटाइएको हो । कांग्रेसले सिटौलालाई माथिल्लो सदनमा दलको नेताबाट बिदा गरेर कमलादेवी पन्तलाई नयाँ जिम्मेवारी दिएको छ ।
'कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बे पार्टी संसदीय दलको विधान (संशोधन तथा परिमार्जन सहित, २०८३) को धारा १२ (२) बमोजिम राष्ट्रिय सभा संसदीय दलको नेता पदमा माननीय कमला देवी पन्तलाई नियुक्त गर्नु भएको छ', वक्तव्यमा भनिएको छ, 'धारा ७ (१) बमोजिम प्रतिनिधि सभाका लागि उपनेतामा माननीय अभिषेक प्रताप शाह, धारा १३ (२) बमोजिम मुख्य सचेतकमा माननीय बासना थापा र धारा १३ (३) बमोजिम सचेतकमा माननीय निश्कल राईलाई मनोनयन गरेका हुन् । रासस

# ताराखोलाको चिया मुलुककै उत्कृष्ट



**बागलुङ।**
बागलुङको ताराखोला गाउँपालिकामा उत्पादित चियाले गुणस्तरमा नयाँ कीर्तिमान कायम गरेको छ । चिया दिवसको अवसरमा गत मङ्गलबार इलाममा सम्पन्न 'टि टेस्टिङ' प्रतियोगितामा ताराखोला गाउँपालिका–१ सिरुबारीस्थित गोल्डेन टि इस्टेट प्रालिका दुई प्रकारका चियाले प्रथम स्थान हासिल गरेका छन्।
राष्ट्रिय चिया तथा कफी विकास बोर्डले आयोजना गरेको प्रतियोगितामा जम्मा चार विधामा सम्पन्न स्वाद परीक्षण प्रतियोगितामा उक्त उद्योगले दुई विधामा बाजी मारेको हो । नेपालमा ४५ कम्पनीका चियाले प्रतिस्पर्धामा भाग लिएका थिए । ग्रिनिस अर्थोडक्स, गोल्डेन टि, ह्वाइट टि र ग्रिन टि विधामध्ये ग्रिनिस अर्थोडक्स र गोल्डेन टि प्रथम भएको चियाकफी विकास बोर्ड पोखराका नगेन्द्र सुवेदीले जानकारी दिए।
कम्पनीका सञ्चालक शिशिर घर्तीमगरले ताराखोलाको चिया उत्कृष्ट बन्नु गौरवको विषय भएको बताए । उनले ताराखोलामा करिब १०० रोपनी क्षेत्रफलमा चियाखेती गरेका छन् । समुद्र सतहदेखि करिब दुई हजार २०० देखि दुई हजार ४०० मिटर उचाइमा फैलिएको चिया बगानमा उत्पादित यी चियाले उच्च गुणस्तर र विशिष्ट स्वादका कारण उत्कृष्टता हासिल गरेको बताइएको सुवेदीले बताए ।सस

# अमेरिका–बेलायत सम्बन्धमा जोड



**वासिङ्टन ।**
इरानसँग सम्बन्धित क्षेत्रीय तनाव चर्किरहेका बेला बेलायतका राजा चाल्र्स तृतीय र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच ह्वाइट हाउसमा भएको भेटवार्ताले दुई देशबीचको पुरानो साझेदारीलाई पुनः केन्द्रमा ल्याएको छ । राज्यस्तरीय रात्रिभोजका क्रममा दुवै नेताले 'विशेष सम्बन्ध' को खुलेर प्रशंसा गरे । यद्यपि इरानको आणविक कार्यक्रमबारे ट्रम्पले सार्वजनिक रूपमा राखेको धारणा विवादको विषय बन्यो ।
भव्य स्वागत र औपचारिक कार्यक्रमबीच आयोजित रात्रिभोजमा ट्रम्पले इरानलाई सङ्केत गर्दै आफूहरूले 'विशेष प्रतिद्वन्द्वीलाई सैन्य रूपमा पराजित गरेको' दाबी गरे । उनले राजा चाल्र्स तृतीय पनि आफ्नो विचारसँग सहमत रहेको बताउँदै उक्त देशलाई कहिल्यै आणविक हतियार विकास गर्न नदिने अडान दोहो¥याए । तर यस विषयमा राजा चाल्र्स तृतीयले प्रत्यक्ष समर्थन जनाएको कुनै सङ्केत देखिएन र उनले आफ्नो सम्बोधनमा इरान वा युद्ध तनावको सीधा उल्लेख गरेनन् ।
यसको सट्टा राजा चाल्र्स तृतीयले लन्डन र वासिङ्टनबीचको ऐतिहासिक सहकार्यलाई अझ मजबुत बनाउने आवश्यकता औंल्याउँदै बदलिँदो विश्व परिवेशमा साझा चुनौतीहरू सामना गर्न मिलेर अघि बढ्नुपर्ने धारणा व्यक्त गरे । उनले अन्तर्राष्ट्रिय गठबन्धनहरूको महत्त्व, विशेषगरी नाटो जस्ता संरचनाहरूको भूमिका, स्पष्ट रूपमा उल्लेख गरे, जसप्रति ट्रम्पले विगतमा आलोचनात्मक धारणा राख्दै आएको छ । साथै, युक्रेनमाथि रुसको आक्रमणविरुद्ध निरन्तर समर्थन आवश्यक रहेकोमा उनले जोड दिए ।
कार्यक्रममा एप्पलका प्रमुख टिम कुक, अमेजनका जेफ बेजोस, एनभिडियाका जेन्सेन हुआङ तथा गल्फ खेलाडी रोरी म्याक्लरोय जस्ता प्रविधि र व्यवसाय क्षेत्रका चर्चित व्यक्तित्वहरूको उपस्थिति थियो । भोजको मेनुमा बगैँचाको तरकारी भेलुटे, स्प्रिङ हर्बेड रावियोली, डोभर सोल म्युनियर र अन्त्यमा मह तथा भ्यानिला बिन क्रेमेक्स समावेश गरिएको थियो ।
सम्बोधनका क्रममा दुवै नेताले हल्का मजाक पनि गरे । ट्रम्पले राजा चाल्र्स तृतीयको अमेरिकी कंग्रेसमा दिएको भाषणको प्रशंसा गर्दै डेमोक्रेट सांसदहरूलाई समेत उठ्न बाध्य बनाएको उल्लेख गरे । जवाफमा राजा चाल्र्स तृतीयले ऐतिहासिक सन्दर्भ जोड्दै बेलायत र फ्रान्सबीचको प्रतिस्पर्धाको प्रसङ्ग उठाएर रमाइलो टिप्पणी गरे ।
यसअघि कंग्रेसलाई सम्बोधन गर्दै राजा चाल्र्स तृतीयले लोकतान्त्रिक मूल्य, कानूनी शासन र शक्ति सन्तुलनको सिद्धान्तप्रति प्रतिबद्धता दोहो¥याएका थिए । उनले म्याग्ना कार्टाको सन्दर्भ उल्लेख गर्दै यसले अमेरिकी न्याय प्रणालीमा समेत प्रभाव पारेको बताए । उक्त अभिव्यक्तिले विशेषगरी विपक्षी डेमोक्रेट सांसदहरूबाट सकारात्मक प्रतिक्रिया पाएको थियो ।
राष्ट्रपति ट्रम्पले स्वागत समारोहमा बेलायतलाई अमेरिकाको सबैभन्दा नजिकको सहयोगीको रूपमा चित्रण गरे । उनले अमेरिकी स्वतन्त्रतापछि पनि दुई देशबीचको सम्बन्ध निरन्तर सुदृढ रहेको उल्लेख गरे । यद्यपि, इरानलगायत केही नीतिगत विषयमा ट्रम्पले बेलायती प्रधानमन्त्री कीर स्टार्मरको आलोचना गर्दै आएका छन्, जसले सम्बन्धमा केही असहजता देखाएको छ ।
यस भ्रमणलाई सुरक्षा दृष्टिले पनि संवेदनशील मानिएको छ । वासिङ्टनमा हालै ट्रम्पमाथि कथित आक्रमण प्रयासको घटना सार्वजनिक भएपछि सुरक्षालाई कडा बनाइएको छ । हिंसात्मक गतिविधिप्रति असहमति जनाउँदै राजा चाल्र्स तृतीयले यस्ता कार्यहरू सफल नहुने स्पष्ट पारे । चार दिने भ्रमणअन्तर्गत शाही दम्पतीले बुधबार न्युयोर्कको भ्रमण गर्ने कार्यक्रम रहेको छ । त्यहाँ उनीहरूले ९÷११ स्मारक स्थलको अवलोकन गर्नेछन् । त्यसपछि उनीहरू बर्मुडातर्फ प्रस्थान गर्ने तालिका रहेको छ । रासस

## आईसीसी विश्वकप लिग–२:
# ओमानसँग नेपाल १०२ रनले पराजित



**काठमाडौं।**
आईसीसी विश्वकप लिग–२ अन्तर्गतको खेलमा नेपाल ओमानसँग १०२ रनले पराजित भएको छ । टीयू मैदानमा वर्षाले प्रभावित खेलमा डकवर्थ–लुइस–स्टर्न (डीएलएस) मेथड अनुसार ओमान विजयी भएको हो।
ओमानले दिएको ३०६ रनको लक्ष्य पछ्याएको नेपालले ३६.५ ओभरमा ७ विकेट गुमाउँदै १५५ रन मात्र बनाउन सक्यो। नेपालका लागि दीपेन्द्र सिंह ऐरीले सर्वाधिक ६० रनको अर्धशतकीय इनिङ्स खेले। त्यसअघि टस जितेर ब्याटिङ गरेको ओमानले ५० ओभरमा ८ विकेट गुमाएर ३०५ रन बनाएको थियो। ओमानका कप्तान जतिन्दर सिंहले १३० रनको शतकीय पारी खेले। नेपालका सोमपाल कामीले ४ विकेट लिए भने सन्दीप लामिछाने र दीपेन्द्र सिंह ऐरीले २–२ विकेट लिए।

## उच्च क्षमताका प्रसारण लाइन निर्माणमा
# सरकारको उच्च प्राथमिकतामा



**काठमाडौँ ।**
सरकारले उत्पादित बिजुलीलाई प्रमुख लोड सेन्टरहरुसम्म पु¥याउन, बढी भएको बिजुली क्षेत्रीय तथा उपक्षेत्रीय स्तरमा बिक्री वितरणका लागि उच्च क्षमताका प्रसारण लाइन निर्माण गर्ने समयसीमा सार्वजनिक गरेको छ । प्रसारण लाइन निर्माणमा देखिएको बेथिती अन्त्य गर्ने, तोकिएको समय अगावै निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ प्रक्रिया अगाडि बढाउने भएको हो । प्रसारण लाइन निर्माणमा देखिएको रुख कटानको समस्या समााधान गर्ने, मुआब्जा वितरणमा देखिएको जटिलता फुकाउने तथा लगानीको विविधकरण गर्ने कार्यक्रम निर्धारण गरेको छ ।
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको 'विद्युत् खपत वृद्धि तथा ऊर्जा निर्यात रणनीति, २०८२' प्रसारण लाइन निर्माण सम्पन्न गर्ने समयसीमा निर्धारण गरेको छ । रणनीतिअनुसार, हेटौडा– ढल्केबर इनरुवा प्रसारण लाइनको हेटौडा ढल्केबर खण्ड चालु आवको अन्त्यसम्म निर्माण सम्पन्न गर्ने समयसीमा निर्धारण गरिएको छ । सो प्रसारण लाइनको पूर्वी खण्ड ढल्केबर–इनरुवा खण्ड भने यसअघि नै सम्पन्न भइसकेको छ । सो आयोजनालाई शीघ्र निर्माण सम्पन्न गर्न नेपाल विद्युत् प्राधिकरणलाई जिम्मेवार बनाइएको छ । रुख कटान, वन क्षेत्रको जग्गा प्रयोग, मुआब्जालगायतका समस्याका कारण सो आयोजना लामो समयदेखि समस्यामा परेको थियो । पछिल्ला दिनमा सो समस्या समाधान भएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको पहलमा नियमित काम सुरु भइसकेको छ ।
यसैगरी नयाँ खिम्ती बाह्रबिसे काठमाडौँ प्रसारण लाइनको काम आव २०८४÷८५ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । उक्त प्रसारण लाइनको क्षमता चार सय केभीको हो । सो प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधानका लागि स्थानीय तह र वन तथा वातावरण मन्त्रालयलाई जिम्मेवार बनाइएको छ । हेटौँडा–रातमाटे लप्सीफेदी न्यू दमौली–न्यू बुटवल प्रसारण लाइन आव २०८६÷८७ सम्म निर्माण सम्पन्न हुनेछ । सो प्रसारण लाइन चार सय केभी क्षमताको हो । यसैगरी नयाँ बुटवल–लमही प्रसारण लाइन आव २०७८÷८८ सम्म निर्माण सम्पन्न हुनेछ ।
यस्तै, लहमी–छिन्चु दोदोधारा प्रसारण लाइन आव २०८९÷९० सम्म निर्माण सम्पन्न हुनेछ । किमाथांका– हाइटार सितलपाटी प्रसारण लाइन आव २०८९÷९० सम्म सम्पन्न हुनेछ । अरुण हब इनरुवा प्रसारण लाइन, इनरुवा–अनारमणी प्रसारण लाइन, फुकोट बेतन दोदोधारा प्रसारण लाइन, तिंगला दुधकोशी–ढल्केबर प्रसारण लाइन आव २०९०÷९१ सम्म सम्पन्न गर्ने लक्ष्य रणनीतिमा समावेश गरिएको छ । भेरी करिडोर प्रसारण लाइन र सेती करिडोर प्रसारण लाइन पनि आव २०९०÷९१ मा सम्पन्न हुनेछ । दोदोधारा–अत्तरिया लम्की प्रसारण लाइन भने आव २०९१÷९२ सम्म सम्पन्न हुनेछ । ती सबै प्रसारण लाइनको क्षमता चार सय केभीको छ ।
उत्पादित बिजुलीलाई सहज रुपमा प्रसारण गराएर लाड सेन्टरहरुमा पु¥याउने लक्ष्यका साथ सरकारले प्रसारण लाइन निर्माणलाई विशेष प्राथमिकतामा राखेको छ । आवश्यक संरचनागत सुधार गरिने, नीतिगत अस्पष्टता हटाउने तथा तोकिएको समयमा नै आयोजना सम्पन्न गर्ने लक्ष्यलाई रणनीतिले विशेष प्राथमिकतामा राखेको छ । यस्तै, अन्तरदेशीय प्रसारण लाइन निर्माणलाई पनि उत्तिकै महत्वका साथ रणनीतिले समेटेको छ । अन्तरदेशीय प्रसारण लाइनको क्षमता अभिवृद्धि पनि अर्को महत्वपूर्ण पक्ष छ ।
ढल्केबर–मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइन आव २०८३÷८४ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन, नानपारा नेपालगञ्ज, इनरुवा पूर्णिया, लम्की बेरली, लमही लखनउ, निजगण मोतिहारी, चमेलिया जौलजिवी, ढल्केबर मुजफ्फरपुर र चिलिमे हब केरुङ अन्तरदेशीय प्रसारण लाइन निर्माण प्राथमिकतामा छ । आन्तरिक रुपमा बिजुलीको खपत बढाउने, बढी भएको बिजुली क्षेत्रीय तथा उपक्षेत्रीय स्तरमा बिक्री वितरण गर्ने लक्ष्यलाई रणनीतिले स्पष्ट रुपमा सूचीकृत गरेको छ । त्यस्तै, स्मार्ट ग्रिड र सवस्टेशनको आधुनिकीकरण निरन्तर रुपमा अगाडि बढाइनेछ । सवस्टेशनको क्षमता विस्तार गरेर ४० हजार एमभीए पु¥याइनेछ । सो कार्य आव २०९२÷९३ सम्म सम्पन्न हुनेछ ।
कृषि क्षेत्रको आधसनिकीकरण र किसानको खेतसम्म नै फिडर पु¥याउने लक्ष्यलाई पनि उत्तिकै महत्व दिएको रणनीतिमा भूमिगत वितरण प्रणालीको काम २०८५ सम्म सम्पन्न गर्ने उल्लेख गरिएको छ । आव २०९२÷९३ सम्म एलपी ग्यास अनुदान खारेजी गर्ने र विद्युतीय चुल्होमा अनुदान दिइनेछ । देशभर चार्जिङ स्टेशन सञ्जाल विस्तार गर्ने, प्रमुख शहरहरुमा विद्युतीय बस र ट्रली बस सञ्चालन गरी आन्तरिक विद्युत् खपत क्षमता विकास गरिनेछ । हाल नेपालको कूल जडित क्षमता चार हजार ८६ मेगावाट पुगेको छ । राष्ट्रिय प्रसारण ग्रिडको विस्तारसँगै ९८ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुगेको छ । सन् २०४५ सम्ममा खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता अनुरुप खनिज इन्धनको परनिर्भरता घटाई स्वदेशी बिजुलीको खपत बढाउन अबलम्बन गर्नुपर्ने सबै काम अगाडि बढाउने रणनीतिको लक्ष्य छ ।
नेपालले भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने दीर्घकालीन विद्युत् व्यापार सम्झौता गरिसकेको छ । हाल करिब एक हजार दुई सय मेगावाट बिजुली भारत र बंगलादेशतर्फ आयात निर्यात भइरहेको अवस्था छ । रासस

# दक्षिण कोरियाः युनको सजाय बढ्यो



**सियोल ।**
दक्षिण कोरियामा पूर्वराष्ट्रपति युन सुक योलविरुद्धको कानूनी कारबाही थप कठोर बन्दै गएको छ । न्याय प्रक्रियामा अवरोध पु¥याएको अभियोगमा पहिले दिइएको पाँच वर्षको जेल सजायलाई उच्च अदालतले बढाएर सात वर्ष पु¥याएको छ । यसले उनीमाथिको कानूनी सङ्कट अझ गहिरिएको सङ्केत दिएको छ ।
सियोल उच्च अदालतले बुधबार गरेको फैसलामा युनको कार्यलाई 'अत्यधिक निन्दनीय' ठहर गर्दै सजाय बढाएको हो । अदालतका न्यायाधीशका अनुसार युनले पक्राउ वारेन्ट कार्यान्वयनमा अवरोध पु¥याउने प्रयास मात्र नगरेर राज्यका सुरक्षाकर्मीहरूलाई निजी प्रयोजनका लागि प्रयोग गर्न खोजेका थिए ।
यसअघि जनवरीमा तल्लो अदालतले राष्ट्रपति सुरक्षा एजेन्सीका सदस्यहरूलाई प्रयोग गरेर आफ्नै गिरफ्तारी रोक्न खोजेको प्रमाणित भएपछि पाँच वर्षको सजाय सुनाएको थियो । त्यस निर्णयविरुद्ध युन र अभियोजन पक्ष दुवैले अपिल गरेका थिए । युनले आफ्नो गिरफ्तारी वारेन्ट नै 'गैरकानूनी अनुसन्धान' मा आधारित रहेको दाबी गरेका थिए भने विशेष अभियोजकहरूले उनको अपराधको गम्भीरता हेर्दा कम्तीमा १० वर्षको सजाय हुनुपर्ने माग गरेका थिए ।
उच्च अदालतले भने दुवै पक्षका तर्क सुनेपछि सजाय बढाएर सात वर्ष कायम गरेको हो । फैसलामा अदालतले सार्वजनिक पदको दुरुपयोग गर्दै राज्य संयन्त्रलाई व्यक्तिगत सुरक्षाका लागि प्रयोग गर्न खोज्नु कानूनी शासनविरुद्धको गम्भीर कार्य भएको उल्लेख गरेको छ । फैसला सुनुवाइका क्रममा कालो सूट र सेतो सर्टमा अदालतमा उपस्थित युनले कुनै विशेष प्रतिक्रिया नदेखाएको जनाइएको छ ।
युन सुक योलले पहिले नै अर्को गम्भीर मुद्दामा सजाय भोगिरहेका छन् । सन् २०२४ को अन्त्यतिर मार्सल ल लागू गर्ने असफल प्रयाससँग जोडिएको विद्रोहको नेतृत्व गरेको अभियोगमा उनलाई आजीवन कारावासको सजाय सुनाइएको छ । यस नयाँ फैसलाले उनीमाथिको राजनीतिक र कानूनी भविष्य थप जटिल बनेको देखिएको छ । रासस

# मेटामाथि इयुको बालसुरक्षा आरोप

**लन्डन ।**
युरोपेली सङ्घ (इयु) ले सामाजिक सञ्जालमार्फत बालबालिकाको सुरक्षामा गम्भीर कमजोरी देखिएको भन्दै प्रविधि कम्पनी मेटामाथि औपचारिक रूपमा दबाब बढाएको छ । नियामकहरूले फेसबुक र इन्स्टाग्रामजस्ता प्लेटफर्ममा कम उमेरका प्रयोगकर्तालाई रोक्न असफल भएको निष्कर्ष सार्वजनिक गर्दै कडा कारबाहीको चेतावनी दिएका छन् क ।
इयुको कार्यकारी निकाय युरोपेली आयोगले बुधबार सार्वजनिक गरेको प्रारम्भिक मूल्याङ्कनमा मेटाले १३ वर्षभन्दा कम उमेरका बालबालिकालाई प्लेटफर्ममा साइन अप गर्नबाट रोक्न प्रभावकारी प्रणाली विकास गर्न नसकेको जनाएको छ । आयोगका अनुसार खाता खोलिसकेपछि पनि यस्ता प्रयोगकर्तालाई पहिचान गरी हटाउने काम पर्याप्त रूपमा भइरहेको छैन ।
मेटाले आफ्नै नियमअनुसार फेसबुक र इन्स्टाग्राम प्रयोग गर्न न्यूनतम उमेर १३ वर्ष तोकेको भए पनि व्यवहारमा त्यसको कार्यान्वयन कमजोर देखिएको आयोगको ठहर छ । यसले बालबालिकालाई प्लेटफर्ममा प्रवेश मात्र होइन, उनीहरूलाई उमेरअनुसार अनुपयुक्त सामग्री र अनुभवको जोखिममा पनि राखिरहेको उल्लेख गरिएको छ ।
यो मुद्दा केवल पहुँचमा सीमित नभएको आयोगले जनाएको छ । १३ वर्षमुनिका बालबालिकाले प्लेटफर्म प्रयोग गर्दा उनीहरू कस्तो सामग्रीसँग सम्पर्कमा आउँछन् भन्ने जोखिमको मूल्याङ्कनसमेत मेटाले पर्याप्त रूपमा नगरेको निष्कर्ष निकालिएको छ । युरोपेली आयोगले यो कारबाही डिजिटल सेवा ऐन (डिएसए) अन्तर्गत अघि बढाएको हो । उक्त ऐनले २७ सदस्य राष्ट्रहरूमा सञ्चालन गर्ने ठूला प्रविधि कम्पनीहरूलाई प्रयोगकर्ताको सुरक्षा, विशेषगरी नाबालिगहरूको सुरक्षामा थप जिम्मेवार बनाउने व्यवस्था गरेको छ । आयोगका कार्यकारी उपाध्यक्ष हेना विर्ककुनेनले सन् २०२४ देखि सुरु गरिएको अनुसन्धानले मेटाका प्लेटफर्महरूले आफ्नै नियम र सर्तमा १३ वर्षमुनिका प्रयोगकर्तालाई लक्षित नगर्ने उल्लेख गरे पनि व्यवहारमा त्यसलाई लागू गर्न 'अत्यन्त सीमित प्रयास' मात्र गरिएको देखाएको बताए । उनका अनुसार नियमहरू केवल कागजमा सीमित नहुने, प्रयोगकर्ताको सुरक्षाका लागि ठोस कार्यमा रूपान्तरण हुनुपर्ने स्पष्ट सन्देश दिनुपर्ने समय आएको छ । अब मेटालाई आयोगको प्रारम्भिक निष्कर्षमा आफ्नो प्रतिक्रिया दिने अवसर दिइनेछ । अन्तिम निर्णयपछि यदि उल्लङ्घन प्रमाणित भएमा कम्पनीलाई विश्वव्यापी वार्षिक आम्दानीको छ प्रतिशतसम्म जरिवाना लगाइने सम्भावना रहेको छ । यस विषयमा मेटाले भने तत्काल कुनै प्रतिक्रिया दिएको छैन । इयुको यो कदमले विश्वभर सामाजिक सञ्जाल कम्पनीहरूमाथि बालसुरक्षा सम्बन्धी जिम्मेवारी कडा पार्ने सङ्केतका रूपमा हेरिएको छ । रासस

# प्रशिक्षक क्षमता अभिवृद्धिमा मधेस खेलकुद परिषद्को विशेष पहल,११० जनालाई प्रमाणपत्र

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम ।**



मधेस खेलकुद परिषद् द्वारा आयोजित "स्वयमसेवक प्रशिक्षकहरूको प्रशिक्षण क्षमता अभिवृद्धि कार्यक्रम" सफलतापूर्वक सम्पन्न भएको छ। प्रदेश खेलकुद नियमावली पारित भएपछि परिषद्वारा सञ्चालन गरिएको यो पहिलो औपचारिक कार्यक्रम हो, जसलाई मधेस प्रदेशको खेलकुद विकासतर्फ महत्वपूर्ण कदमका रूपमा हेरिएको छ। वैशाख १० गतेदेखि वैशाख १६ गतेसम्म सञ्चालन भएको उक्त कार्यक्रममा मधेस प्रदेशका हरेक जिल्लाबाट प्रत्येक खेलका लागि दुई/दुई जना प्रशिक्षक सहभागी भएका थिए। एक जिल्लाबाट कुल १२ जना प्रशिक्षक सहभागी गराइएको र हरेक खेलको लागि कुल १६ जना सहभागी रहेको थियो। कार्यक्रममा प्रदेशभरबाट उल्लेखनीय सहभागिता रहेको आयोजकले जनाएको छ। कार्यक्रमका प्रमुख अतिथि मधेस प्रदेश खेलकुद परिषद्का सदस्य सचिव शिवजी प्रसाद कानु रहेका थिए। त्यसैगरी विशिष्ट अतिथिका रूपमा बोर्ड सदस्य दिपेन्द्र कुमार गोइत तथा प्रशासनिक प्रमुख मोहम्मद ज्याउल इस्लाम को उपस्थिति रहेको थियो। कार्यक्रम संयोजक अजित मिश्रा थियो भने तालिम तथा प्रशिक्षक विभागका प्रमुख भरत यादव ले कार्यक्रम व्यवस्थापन तथा समन्वय गरेका थिए। तालिम कार्यक्रममा एथलेटिक्स, भलिबल, कराटे, तेक्वान्दो, उसु तथा कबड्डीलगायत ६ प्रकारका खेलसम्बन्धी विशेष प्रशिक्षण प्रदान गरिएको थियो। प्रशिक्षार्थीहरूलाई खेल प्रशिक्षणका आधुनिक विधि, नेतृत्व विकास, अनुशासन, खेलाडी व्यवस्थापन तथा प्रतिस्पर्धात्मक खेलकुद सम्बन्धी व्यवहारिक ज्ञान दिइएको परिषद्ले जनाएको छ। कार्यक्रमको समापन अवसरमा कुल ११० जना प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गरिएको थियो। कार्यक्रममा वक्ताहरूले मधेस प्रदेशमा खेलकुदको विकास, दक्ष प्रशिक्षक उत्पादन तथा ग्रामीण तहसम्म खेल गतिविधि विस्तार गर्न यस्ता तालिमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए।प्रमुख अतिथि शिवजी प्रसाद कानु ले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा मधेस प्रदेशको बलियो उपस्थिति सुनिश्चित गर्न यस्ता क्षमता अभिवृद्धि कार्यक्रमहरू कोसेढुङ्गा सावित हुने विश्वास व्यक्त गरे।

# इनड्राइभ 'प्लाटिनम गिभअवे' सम्पन्न, चालकहरूलाई टाटा ईभी र याडिया स्कुटर पुरस्कार

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

विश्वव्यापी मोबिलिटी तथा डेलिभरी प्लेटफर्म इनड्राइभले 'प्लाटिनम ड्राइभर गिभअवे' क्याम्पेनअन्तर्गत उत्कृष्ट प्रदर्शन गर्ने चालक साझेदारहरूलाई काठमाडौंमा आयोजित विशेष समारोहबीच आकर्षक ग्रान्ड पुरस्कार हस्तान्तरण गरेको छ । चालकहरूको समर्पण, सेवा गुणस्तर र निरन्तर उत्कृष्टता कायम राख्ने प्रतिबद्धतालाई सम्मान गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त अभियानमा उल्लेखनीय सहभागिता देखिएको कम्पनीले जनाएको छ ।

सन् २०२६ मार्च २ देखि मार्च २९ सम्म सञ्चालन भएको चार हप्ते यस अभियानले 'प्लाटिनम' स्तर कायम राख्न सफल चालकहरूलाई केन्द्रमा राख्दै प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरेको थियो । अभियानअन्तर्गत साप्ताहिक चुनौतीहरू, विविध प्रोत्साहन तथा दुई प्रमुख ग्रान्ड पुरस्कारमार्फत उत्कृष्ट चालक साझेदारहरूको पहिचान र सम्मान गरिएको थियो ।

ग्रान्ड पुरस्कार विजेताहरूमा क्याब चालक वर्गतर्फ पेषल बुढाथोकीले टाटा एक्सप्रेस–टी ईभी जित्न सफल भए । त्यस्तै, बाइक÷मोटो चालक वर्गतर्फ साम्देन तामाङ (कुन्द सर) र सरोज खतिवडाले याडिया भिलक्स ई–स्कुटर हात पारे । कम्पनीका अनुसार यी विजेताहरू चारै हप्ताभर निरन्तर 'प्लाटिनम' स्तर कायम राख्दै निर्धारित सबै मापदण्ड पूरा गर्न सफल चालकहरूमध्येबाट छनोट गरिएका हुन् ।

ग्रान्ड पुरस्कारबाहेक अभियानअन्तर्गत अन्य चालक साझेदारहरूलाई पनि प्रोत्साहनस्वरूप साप्ताहिक पुरस्कार प्रदान गरिएको थियो । जसअन्तर्गत १६ जना चालकलाई विभिन्न आकर्षक उपहार तथा ४ जनालाई स्टेकेशन प्याकेज प्रदान गरिएको कम्पनीले जानकारी दिएको छ । यसले अभियानलाई थप उत्साहजनक र प्रतिस्पर्धात्मक बनाएको उल्लेख गरिएको छ ।

क्याब चालक वर्गका विजेता पेषल बुढाथोकीले आफ्नो अनुभव साझा गर्दै इनड्राइभप्रति आभार व्यक्त गरे ।

उनले भने, 'हाम्रो मेहनत र समर्पणलाई मूल्यांकन गरेर सम्मान गरिएकोमा अत्यन्त खुशी लागेको छ । 'प्लाटिनम' स्तर कायम राख्न अनुशासन र यात्रु सन्तुष्टि अत्यन्त महत्वपूर्ण हुन्छ । टाटा एक्सप्रेस–टी ईभी प्राप्त गर्नु मेरो लागि ठूलो उपलब्धि हो, जसले आगामी दिनमा अझ उत्कृष्ट सेवा दिन प्रेरित गर्नेछ ।'

त्यस्तै, बाइक÷मोटो चालक वर्गका विजेता सरोज खतिवडाले पनि यो उपलब्धिलाई गर्वको विषय भएको बताए । 'यस अभियानले मलाई निरन्तर राम्रो प्रदर्शन गर्न प्रेरित गर्‍यो । याडिया भिलक्स जित्नु मेरो परिवारका लागि पनि खुशीको क्षण हो,' उनले भने, 'चालक साझेदारहरूलाई सशक्त बनाउने यस्ता कार्यक्रमका लागि इनड्राइभप्रति धन्यवाद ।'

इनड्राइभ नेपालकी सिनियर ड्राइभर अपरेसन स्पेसलिस्ट सुनीता जीमी राईले विजेताहरूलाई बधाई दिँदै चालकहरू नै कम्पनीको सफलताको मुख्य आधार भएको बताइन् ।

'हाम्रा ड्राइभर्स पार्टनर्सहरू बिना इनड्राइभको विकास सम्भव छैन । उहाँहरूको योगदानलाई सम्मान गर्न 'प्लाटिनम ड्राइभर गिभअवे' अभियान ल्याइएको हो,' उनले भनिन्, 'यसले चालकहरूको आयआर्जनमा सकारात्मक प्रभाव पार्ने र उनीहरूको जीवनस्तर सुधारमा टेवा पुग्ने विश्वास लिएका छौं ।'




उनले आगामी दिनहरूमा पनि चालक साझेदारहरूको हितलाई केन्द्रमा राख्दै यस्ता कार्यक्रमहरू निरन्तर सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गरिन् । साथै, बढ्दो सञ्चालन खर्चलाई ध्यानमा राख्दै कम्पनीले २०२६ अप्रिल १५ देखि लागू हुने गरी २७ लाख रुपैयाँ बराबरको इन्धन सहयोग कार्यक्रमसमेत सुरु गरेको जानकारी दिइन् । चालकहरूको सक्रियता र कार्यसम्पादनका आधारमा वितरण गरिने उक्त सहयोगले प्लेटफर्ममा निर्भर चालकहरूलाई आर्थिक राहत प्रदान गर्ने अपेक्षा गरिएको छ ।

इनड्राइभले चालकहरूलाई केवल सेवा प्रदायक नभई आफ्नो समुदायको आधारस्तम्भको रूपमा हेर्ने बताउँदै निष्पक्षता, पारदर्शिता र स्वतन्त्र रोजाइमा आधारित प्लेटफर्म निर्माणतर्फ निरन्तर अग्रसर रहने जनाएको छ । यस्तो पहलले चालक साझेदारहरूको मनोबल उच्च राख्दै सेवाको गुणस्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास कम्पनीले व्यक्त गरेको छ ।

# शिक्षामा सीप 'स्केचिङ एण्ड स्क्ल्पचर प्रदर्शनी' सुरु



**काठमाडौँ ।**

नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानमा शिक्षामा सीप 'स्केचिङ एण्ड स्क्ल्पचर प्रदर्शनी २०२६' बुधबार देखि प्रतिष्ठानमा सुरु भएको छ ।

प्रतिष्ठान तथा काठमाडौँ महानगरपालिकाको सहकार्यमा महानगरअन्तर्गतका सार्वजनिक विद्यालयमा शिक्षामा सीप कार्यक्रमअन्तर्गत 'स्केचिङ एण्ड स्क्ल्पचर' मोड्युलको तालिममा सहभागी विद्यार्थीद्वारा सिर्जना गरिएका कलाकृति प्रर्दशनीमा समेटिएको हो ।

प्रदर्शनीको नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली र काठमाडौँ महानगरपालिका शिक्षा विभाग प्रमुख नमराज ढकालले उद्घाटन गरे । कार्यक्रमका प्रमुख अतिथि प्रतिष्ठानका कुलपति हार्तम्छालीले प्रतिभाशाली नवप्रतिभाको सिर्जना प्रदर्शनीमा देख्न पाउँदा खुसी लागेको बताए ।

उनले भने, विगतमा महानगरप्रमुख रहँदा हालका सम्माननीय प्रधानमन्त्री बालेन शाह र अहिलेका कार्यवाहक नगरप्रमुख सुनिता डङ्गोलले पनि यसको 'कन्सेप्ट'मार्फत सिजर्नशील अतिरिक्त क्रियाकलापलाई शिक्षासँग जोडेर विशेष प्राथमिकता दिइ अघि बढाउनुभएको हो । यसको जस उहाँहरूलाई पनि जान्छ । कार्यक्रम संयोजक प्रतिष्ठानका बहुआयामिक तथा अन्य सिर्जनात्मक कला विभाग प्रमुख सौरगङ्गा दर्शनधारीले शिक्षामा सीप 'स्केचिङ एण्ड स्क्ल्पचर' कार्यक्रम सुरुआती वर्षदेखि झन्झन् राम्रो हुँदै गएको बताए ।

काठमाडौँ महानगरपालिका शिक्षा विभाग प्रमुख नमराज ढकालले प्रतिष्ठान र महानगरबीचको सहकार्यमा भएको यस कार्यक्रमले विद्यार्थीमा नीहित सिर्जनशीलतालाई उजागर गर्न सहयोग गरेको बताए । उनले भने, भोलिका दिनमा सिकेका सीपलाई अझ बढोत्तरी गर्दै लैजानुहोला । आगामी दिनमा यस कार्यक्रमलाई अझ परिष्कृत गर्दै लैजाने छौँ । रासस

# धानखोला–लमही सडकखण्ड स्तरोन्नति थालियो

**काठमाडौँ ।**

मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिए) नेपालले आज पूर्व–पश्चिम राजमार्गको ४० किमि लामो धानखोला–लमही सडकखण्ड स्तरोन्नति कार्य औपचारिक रूपमा शुभारम्भ गरेको छ ।

उक्त सडक स्तरोन्नति तथा मर्मत कार्यका लागि नेपालमै पहिलोपटक गुणस्तर, टिकाउपना र दिगोपनाको दृष्टिकोणबाट लाभदायी अत्याधुनिक निर्माण प्रविधि 'फूल डेप्थ रिक्लेमेशन' र 'सुपरपेभ आस्फाल्ट' प्रयोग गरिँदैछ ।

बलियो एवं टिकाउ सडक निर्माण गरेर, पहिल्यै भएका आस्फाल्ट पदार्थ पुनःप्रयोग गरेर तथा वातावरणीय प्रभाव न्यूनीकरण गरेर सो पद्धतिले सडक मर्मतमा गरिएको लगानीलाई दीर्घकालका लागि थप भरपर्दो तथा लागत प्रभावकारी बनाउन सहयोग गर्नेछ ।

यस आयोजनाले सडकको दुवैतर्फ सात मिटर चौडा क्यारिजवे र साढे दुई मिटर चौडा सोल्जर निर्माण गरेर सडकलाई १२ मिटर चौडा पनि बनाउनेछ ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सडक गुणस्तरीय बनाउन तथा टिकाउपना सुनिश्चित गर्ने एफडीआर तथा सुपरपेभजस्ता अत्याधुनिक प्रविधि प्रयोगको सराहना गरे ।

'यो राजमार्गमा हरेक दिन निर्भर रहेको हाम्रो प्रदेश र यहाँका जनताका लागि यो एउटा महत्वपूर्ण अग्रगामी कदम हो । यो सडकखण्डको स्तरोन्नतिले यात्रालाई थप सुरक्षित र भरपर्दो बनाउने मात्र नभई स्थानीय व्यवसायी, किसान तथा उद्यमीका लागि नयाँ अवसर सिर्जना गर्नेछ', उनले उल्लेख गरे ।

नेपालका लागि संयुक्त राज्य अमेरिकाका कार्यवाहक राजदूत स्कट अर्बमले भने, 'धानखोला–लमही सडकखण्ड स्तरोन्नति शुभारम्भ कार्य संयुक्त राज्य अमेरिका तथा नेपालबीचको साझेदारीका सन्दर्भमा महत्वपूर्ण कोशेढुङ्गा हो ।

एमसिसी नेपाल कम्प्याक्टमार्फत हामी ढुवानी लागत घटाउने, सुरक्षा वृद्धि गर्ने तथा समुदायलाई बजार र अवसरसँग जोड्ने उच्च गुणस्तरका दिगो पूर्वाधारमा लगानी गर्दैछौँ । यस आयोजनाले नेपालको भविष्यप्रति हाम्रो विश्वास र दिगो आर्थिक वृद्धिका लागि संयुक्त निष्ठालाई प्रतिबिम्बित गर्छ ।'

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव सुशीलबाबु ढकालले भने, 'एमसिए–नेपालको लगानी नेपाल सरकारका योजना तथा कार्यक्रमका पूरकका रूपमा तयार गरिएको हो । यो सहकार्यले सबल पूर्वाधार निर्माण र हाम्रा समुदायका लागि आर्थिक अवसर विस्तारप्रति हाम्रो साझा प्रतिबद्धता प्रतिबिम्बित गर्छ । यो आयोजना समयमै सम्पन्न हुने विश्वास छ ।'



एमसीसीका राष्ट्रिय आवासीय उपनिर्देशक सञ्जय पौड्यालले यो महत्वपूर्ण कदमले दीर्घकालीन कार्यसम्पादन सुनिश्चित गर्ने अत्याधुनिक प्रविधि प्रयोग गरेर सबल एवं लागत प्रभावकारी पूर्वाधार निर्माणमा नेपाललाई सघाउने एमसिसीको प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको उल्लेख गरे ।

एमसिए–नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले धानखोला–लमही सडकखण्ड स्तरोन्नति कार्यको थालनी एमसीसी नेपाल कम्प्याक्टअन्तर्गतको सडक मर्मत आयोजना कार्यान्वयनका सन्दर्भमा महत्वपूर्ण कदम भएको बताए ।

एमसिए–नेपाल यो आयोजना प्रभावकारी रूपमा, पारदर्शितापूर्वक तथा उच्चतम गुणस्तरसहित सम्पन्न गर्न प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

सडक मर्मत आयोजना एमसीसी नेपाल कम्प्याक्टको महत्वपूर्ण अंश हो ।

यसले ढुवानी लागत घटाउने तथा नेपालका सडकको अवस्थामा सुधार ल्याउने उद्देश्य राखेको छ । रासस

# चितवनका दुई सय बढीले पाए जग्गाधनी पुर्जा

**चितवन ।**

चालु आर्थिक वर्षको साउनदेखि जिल्लामा रहेका २२६ भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीले जग्गाधनी पुर्जा पाएका छन् । भूमि समस्या समाधान आयोगले यहाँका चार हजार ७४३ कित्ताबाट ३४ हजार २९५ हेक्टर क्षेत्रफल नाप नक्सा गरेको थियो । राप्ती, खैरहनी, रत्ननगर नगरपालिका र भरतपुर महानगरपालिकामा ती भूमिहीनहरूलाई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउन थालिएको हो ।

आयोगका अध्यक्ष इमानसिंह मोक्तानका अनुसार यही आर्थिक वर्षमा २५० हाराहारी पुर्जा निर्माण गरी वितरण गर्ने तयारी गरिएको छ ।

यस वर्ष जग्गाधनी प्रमाण पुर्जा वितरणबाट रु १४ करोड ७२ लाख ७५ हजार ३५० राजस्व सङ्कलन गरिएको उनले जानकारी दिए । पुराना अयोगहरूबाट नापी नक्सा भई अधुरो रहेका कामबाट सो राजस्व सङ्कलन भएको हो । नापी नक्सा, फिल्डबुकमा नाम भएका व्यक्तिलाई आवासीय हकमा एक हजार वर्गमिटरसम्म मालपोतको मूल्याङ्कनको १० प्रतिशत राजस्व बुझाउनुपर्ने
हुन्छ ।

यस्तै कृषि क्षेत्रका लागि एक हजार ७०० वर्गमिटरसम्म पाँच प्रतिशत र त्यसभन्दा बढीमा १० प्रतिशत राजस्व बुझाउनुपर्ने हुन्छ । उनले भने, 'अहिले पुर्जा वितरणको कामसहित अन्य कानुनी बाधा हटाउन अन्तरक्रिया र बैठकहरू भइरहेका छन् ।' पुर्जा वितरणसँगै नापजाँच र राजस्व सङ्कलन पनि तीव्र बनाइएको उनले बताए ।

उनले थपे, 'अन्य जिल्लाको तुलनामा यस जिल्लामा काम तीव्र पारिएको छ ।' आयोगले गत आर्थिक वर्षको वैशाखमा ३०५ जना भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थितलाई पुर्जा वितरण गरेको थियो । जिल्लामा विभिन्न समयमा बनेका आयोगमा जग्गाधनी पुर्जाका लागि ४० हजार हाराहारीले निवेदन दिएको उनको भनाइ छ ।

# 'माथिल्लो म्याग्दी' जलविद्युत् आयोजनाः १३ महिनामा ५० प्रतिशत भौतिक प्रगति

**म्याग्दी ।**

म्याग्दीको धवलागिरि गाउँपालिकामा निर्माणाधीन 'माथिल्लो म्याग्दी' जलविद्युत् आयोजना निर्माण सुरु भएको १३ महिनाको अवधीमा ५० प्रतिशत भौतिक प्रगति भएको छ ।

हाइड्रो इम्पायर लिमिटेड प्रवद्र्धक रहेको ४६ दशमलव २५ मेगावाट क्षमताको आयोजनाले २०८३ चैत महिनाभित्र विद्युत् उत्पादन सुरु गर्ने लक्ष्यसहित बाँध, सुरुङ, विद्युत्गृह, प्रसारण लाइन, 'हाइड्रो' र 'इलेक्ट्रोमेकानिकल' तर्फका निर्माणलाई समानान्तरण रूपमा तीव्रता दिएको हो । विसं २०८१ चैत महिनादेखि निर्माण थालिएको आयोजनाको ५० प्रतिशत भौतिक प्रगति भएको आयोजना प्रमुख रमेश सुवेदीले जानकारी दिए ।

सुरुङसहितका भूमिगत संरचनालाई अबको आठ महिनाभित्र सकेर फिनिसिङमा लैजाने कार्ययोजनाअनुसार काम अघि बढाएका छौँ, उनले भने,सिभिल ठेकेदारले सुरुङ, बाँध र विद्युत्गृहको काम तीव्रताका लागि गरिरहेको छ भने प्रसारण लाइन र पेनस्टेक पाइपलाइनको काम पनि चाँडै सुरु हुँदैछ ।

छ हजार ४२५ मिटर मुख्य सुरुङसहित सम्पूर्ण भूमिगत संरचनामध्ये मङ्गलबारसम्म चार हजार २२० मिटर सम्पन्न भएको आयोजना प्रमुख सुवेदीले बताए । धवलागिरि गाउँपालिका–४ सिङकोश दोभानमा बाँध र घिम्लेटी (खारपानी)मा विद्युत्गृह निर्माणाधीन छ । बाँधस्थल, चेचुङको अडिट र घिम्लेटीको आउटलेटबाट सुरुङ निर्माण भइरहेको छ । घिम्लेटीमा आयोजनाको प्रशासनिक भवन निर्माण भएको छ । आउटलेटबाट विद्युतगृहसम्म आठ सय ४३ मिटर लामो 'पेनस्टक' पाइपलाइन रहनेछ । यो आयोजना 'रन अफ द रिभर' (नदी प्रभाहमा आधारित) हो ।

बाँध, 'इन्टेक' र विद्युत्गृह बाहेकका 'ग्रोवल ट्र्याप', डिसेण्डर (बालुवा थिग्रयाउने पोखरी), मुख्य सुरुङ र सर्ज टनेललगायत सबै संरचना भूमिगत रहने भएका छन् । आयोजनाको सिभिल ठेकेदार आरएससी आरजे जेभी र माछापुच्छ्रे« इन्जिनियरिङ प्राली रहेका छन् । साथै इलेक्ट्रोमेकानिकल कार्यका लागि ठेकेदार कम्पनी ट्रोयर इटली रहेको छ । हाइड्रोमेकानिकल कार्यका लागि माछापुच्छ्रे मेटल एण्ड मेसिनरी वर्कसप प्राली परिचालित भएको छ ।




यसअघि ३७ मेगावाट रहेको आयोजनाको क्षमता बढाएर ४६ दशमलव २५ बनाउने प्रक्रिया अन्तिम चरणमा पुगेको हाइड्रो इम्पाएरका अध्यक्ष काजी लामाले बताए ।

थप जग्गा अधिग्रहण र वन क्षेत्र उपभोग गर्न नपर्ने हिसाबले तीन सय १४ मिटर अग्लो रहेको हेडलाई बढाएर तीन सय १७ मिटर र खोलाबाट सुरुङमा हालीने पानीको मात्रा १४ दशमलब ४१ घनमिटर प्रतिसेकेण्डबाट बढाएर १७ दशमलव २४ घनमिटर प्रतिसेकेण्ड बनाई क्षमता बढाइएको हो ।

सुक्खायाममा पनि म्याग्दी नदीमा पानीको मात्रा पर्याप्त हुने भएकाले यस आयोजनाले लगानीकर्तालाई छिटो प्रतिफल दिने अध्यक्ष लामाले बताए । आठ अर्ब ४६ करोड ५४ लाख दुई हजार अनुमानित लागत रहेको आयोजनामा सिद्धार्थ बैंकको अगुवाइमा नेपाल एसबिआइ बैंक, सिटिजन्स बैंक इन्टरनेशनल, एभरेष्ट बैंक र नविल बैंकले लगानी गरेका हाइड्रो इम्पायरका प्रबन्ध निर्देशक जितबहादुर घर्तीले बताए । ७० प्रतिशत बैंक र ३० प्रतिशत स्वपुँजीको अनुपात रहेको छ ।

प्रभावित क्षेत्रका बासिन्दाका लागि कुल लागतको १० प्रतिशत सेयरको व्यवस्था गरिएको घर्तीले बताए । यस आयोजनाबाट उत्पादन हुने विद्युत् नेपाल विद्युत् प्राधिकरणको डाँडाखेत सबस्टेशनमार्फत केन्द्रीय ग्रिडमा जोडिनेछ । दश किलोमिटर लामो १३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइन निर्माणको तयारीमा छ । शिवरात्रिखोलादेखि बाँध निर्माणस्थलसम्म करिब १८ किलोमिटर पहुँचमार्ग निर्माण भएको छ । आयोजनाले धवलागिरि गाउँपालिकाको सिफारिसमा खिवाङ र चेचुङ गाउँमा सडक पु¥याउन सहयोग गरेको छ । रासस



*इन्द्रेणीः महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका–१ स्थित बरुण सरोवरको माथि बुधवार दिउँसो असिना पानी परेपछि देखिएको इन्द्रेणी । तस्विरः सञ्जीतकुमार मण्डल*

# जनकपुरधाममा निजी विद्यालयमाथि कडाइ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले निजी विद्यालयहरूको मनपरी नियन्त्रण गर्दै शैक्षिक क्षेत्रलाई व्यवस्थित बनाउन अनुगमन अभियान सुरु गरेको छ । शिक्षाको गुणस्तर सुधार गर्ने उद्देश्यसहित गठित अनुगमन समितिले बुधबारदेखि विद्यालयहरूको स्थलगत निरीक्षण थालेको हो ।
अभियानको पहिलो दिन वडा नम्बर १३ भित्रका विभिन्न निजी विद्यालयहरूमा पुगेर निरीक्षण गरिएको छ । यस क्रममा गार्गी मेमोरियल इंग्लिस बोर्डिङ स्कूल लगायतका विद्यालयमा शुल्क संरचना, पाठ्यपुस्तक वितरण, प्रशासनिक प्रक्रिया तथा दर्ता अवस्थाबारे विस्तृत अध्ययन गरिएको जनाइएको छ ।
अनुगमन टोलीमा सदस्यहरू दिपक कुमार ठाकुर, विमलेश मिश्र, सन्जिव ठाकुर तथा वडा नम्बर १३ का अध्यक्ष जित बहादुर राउत सहभागी थिए । टोलीले विद्यालय प्रशासनसँग आवश्यक कागजात संकलन गर्नुका साथै अभिभावक र विद्यार्थीसँग समेत छलफल गरेको थियो । अनुगमनका क्रममा विद्यालयहरूले तोकिएको मापदण्डअनुसार शुल्क लिएका छन् वा छैनन्, अतिरिक्त शुल्क असुली भइरहेको छ कि छैन र पाठ्यपुस्तकको उपलब्धता मापदण्डअनुसार छ वा छैन भन्ने विषयमा विशेष ध्यान दिइएको थियो ।
समितिका सदस्य दिपक कुमार ठाकुरले नियमविपरीत गतिविधि फेला परे कडा कारबाही गरिने चेतावनी दिए । उनका अनुसार प्रारम्भमा सुधारका लागि निर्देशन दिइनेछ, तर अटेर गरे कानूनी प्रक्रिया अघि बढाइनेछ । आवश्यक परे विद्यालय बन्द गर्नेसम्मको निर्णय लिन सकिने उनको भनाइ छ ।
उपमहानगरपालिकाले पछिल्लो समय निजी विद्यालयहरूबाट मनपरी शुल्क असुली, अभिभावकमाथि आर्थिक भार वृद्धि तथा शैक्षिक मापदण्डको बेवास्ता सम्बन्धी गुनासो बढेपछि यो अभियान सुरु गरिएको जनाएको छ ।
अनुगमन अभियान निरन्तर चल्ने जनाइएको छ । आगामी दिनमा उपमहानगरका सबै वडामा रहेका निजी विद्यालयहरूलाई क्रमशः निरीक्षणको दायरामा ल्याइनेछ भने प्राप्त निष्कर्ष सार्वजनिक गरी सुधारका लागि समयसीमा समेत तोकिने योजना रहेको छ ।

# वीरगंज हुँदै भित्रियो २६ अर्ब १३ करोडको सवारीसाधन र पार्टपुर्जा

**वीरगंज ।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको नौ महिनामा २६ अर्ब १३ करोड रुपैयाँ मूल्य पर्ने सवारीसाधन र पार्टपुर्जा भित्रिएको छ ।
गत आर्थिक वर्षको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा छ अर्ब ९४ करोड अर्थात् ३६.१९ प्रतिशत बढीको आयात भएको हो । जबकि गत आवको नौ महिनामा भने रु १९ अर्ब १९ करोड मूल्य पर्ने सवारीसाधन र पार्टपुर्जा भित्रिएको थियो ।
वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा सवारीसाधन र सोमा प्रयोग हुने पार्टपुर्जाको आयातमा बढोत्तरी भएको बताए । चालु आवको नौ महिनामा सवारीसाधनमा प्रयोग हुने पार्टपुर्जाको आयातबाट मात्रै १८ अर्ब २२ करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ । जबकि गत आवको सोही अवधिमा भने सवारीसाधन आयातबाट मात्रै १४ अर्ब ८४ करोड रुपैयाँ राजस्व सङ्कलन भएको थियो ।
चालु आवको नौ महिनामा एक अर्ब १७ करोड रुपैयाँ मूल्य पर्ने ५ सय ९१ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएको छ । जबकि गत आवको सोही अवधिमा भने एक अर्ब ६६ करोड रुपैयाँ मूल्य पर्ने ८ सय ५ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएको थियो । चालु आवको नौ महिनामा छ अर्ब ४२ करोड रुपैयाँ मूल्य पर्ने ४५ हजार ६ सय २० वटा मोटरसाइकल (अन एसेम्वल्ड) आयात भएको छ । जबकि गत आवको नौ महिनामा भने चार अर्ब ६७ करोड रुपैयाँ मूल्य पर्ने ३५ हजार ७ सय ९९ वटा मोटरसाइकल (अन एसेम्वल्ड) आयात भएको छ ।
त्यस्तै चालु आवको नौ महिनामा दुई अर्ब चार करोड रुपैयाँ मूल्य पर्ने २१ हजार ६ सय ३९ वटा ट्याक्टर तथा टिलर आयात भएको छ । जबकि गत आवको नौ महिनामा भने एक अर्ब ३५ करोड रुपैयाँ मूल्य पर्ने १३ हजार ८ सय ६१ वटा ट्याक्टर तथा टिलर आयात भएको छ ।
चालु आवको नौ महिनामा दुई अर्ब ९८ करोड रुपैयाँ मूल्यका विद्युतीय सवारीसाधन भित्रिएको छ । गत आवको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा मूल्यको आधारमा विद्युतीय सवारीसाधनको आयात १ सय २ प्रतिशत अर्थात् एक अर्ब ५० करोड रुपैयाँ बढी आयात भएको हो । जबकि गत आवको नौ महिनामा भने एक अर्ब ४८ करोड रुपैयाँ मूल्यका विद्युतीय सवारीसाधनको आयात भएको छ ।
चालु आवको नौ महिनामा एक अर्ब ४६ करोड रुपैयाँ मूल्य पर्ने ४ सय ९३ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको छ । जबकि गत आवको सोही अवधिमा भने ४८ करोड रुपैयाँ मूल्य पर्ने १ सय ७२ वटा विद्युतीय चल्ने जीप, कार र भ्यान आयात भएको थियो ।

# आशिष निर्माण सेवाका सञ्चालक गौली पक्राउ

**काठमाडौँ ।**
सार्वजनिक खरिद अनुमगन कार्यालयको अनलाइन प्रणालीमा अनधिकृत पहुँच पु¥याइ विभिन्न ठेक्काको विवरण हेरफेर गरेको आरोपमा आशिष निर्माण सेवा प्रालिका सञ्चालक ऋषिकेश गौली पक्राउ परेका छन् ।
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले बुधबार उनलाई काठमाडौँको पुरानो बानेश्वरबाट पक्राउ गरेको हो । ठेक्काहरुको आर्थिक प्रस्ताव खोल्नुभन्दा अगावै आर्थिक प्रस्तावको डकुमेन्ट परिवर्नन गरेको आरोपमा हालसम्म दल जना निर्माण व्यवसायीसहित १३ जनालाई अनुसन्धान भइरहेको व्यूरोका प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिए ।
पक्राउ परेकाविरुद्ध सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## पोखरा स्पोर्ट्स अवार्डः
# नौ विधामा अवार्ड प्रदान गरिँदै

**कास्की ।**
नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा आगामी वैशाख ३१ गते दशौँ संस्करणको पोखरा स्पोर्टस् अवार्ड हुने भएको छ ।
मञ्चले पोखरामा पत्रकार सम्मेलन आयोजना गरी गण्डकी प्रदेशका खेलकुद क्षेत्रका उत्कृष्ट प्रतिभालाई सम्मान गर्ने उद्देश्यसहित आयोजना हुँदै आएको अवार्डको तयारी अघि बढाइएको जनाएको हो ।
मञ्चका अध्यक्ष एमवि आस्था मगरले यस वर्ष नौ विधामा अवार्ड प्रदान गरिने बताए । मञ्चले खेलाडीहरूको मनोबल उच्च राख्न र खेलकुद क्षेत्रको समग्र विकासमा टेवा पु¥याउन यस्तो अवार्ड कार्यक्रमलाई निरन्तरता दिइएको जनाएको छ ।
स्पोर्टस् अवार्डमा वर्ष खेलाडी (पुरुष र महिला), पिपुल्स च्वाइस अवार्ड, लाइफ टाइम अचिभमेन्ट अवार्ड, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल सङ्घसंस्था वा क्लब, स्पेशल अवार्ड र उत्कृष्ट खेल पत्रकार अवार्ड समावेश छन् ।
वर्ष उत्कृष्ट खेलाडी महिला र पुरुषले एक–एक थान स्कुटर पुरस्कार पाउनेछन् । 'पोखरा स्पोर्टस् अवार्ड गण्डकी प्रदेशकै ब्राण्ड बनेको छ । खेलकुद क्षेत्रको विकासमा योगदान गर्नेहरूलाई अझ बढी उत्प्रेरित र प्रोत्साहित गर्नका लागि कार्यक्रमले योगदान पुग्नेछ,' अध्यक्ष मगरले भने ।
यसैगरी यसपटक 'पिपुल्स च्वाइस' र 'स्पेशल अवार्ड' थप गरिएको मञ्चले जनाएको छ । 'पिपुल्स च्वाइस अवार्डका लागि पाँच जना खेलाडीहरूको मनोनयन सार्वजनिक भई भोटिङ प्रक्रिया समेत जारी रहेको छ ।
यस विधामा मनोनयनमा पर्ने खेलाडीहरूमा फुटबलका दीप कार्की, एथलेटिक्सकी नारायणी भण्डारी, भलिबलका राजन दर्लामी, क्रिकेटका विपिन खत्री र मुवाथाई–आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा रहेका छन् ।
विगत एक वर्षभरिको प्रदर्शनका आधारमा मनोनयनमा परेका खेलाडीहरूबीच 'पिपल्स च्वाइस अवार्ड' का लागि प्रतिस्पर्धा हुनेछ । मञ्चका अनुसार यसको विजेता अनलाइन भोटिङमार्फत घोषणा गरिनेछ । जसका लागि खल्ती एपमार्फत देश तथा विदेशमा रहेकाहरूले भोट गर्न पाउने छन् ।
जसको सबैभन्दा बढी भोट आउँछ उसैले विजेता बनेर अवार्ड प्राप्त गर्नेछ । मनोनयनमा परेका खेलाडीहरूका लागि सोमबारदेखि भोटिङ सुरु भएको छ । आफूलाई मन परेको खेलाडीलाई भोटिङ गर्न सकिने छ । यस विधामा उत्कृष्ट खेलाडीले एक थान स्कुटर पुरस्कार पाउनेछन् ।
अवार्डका लागि गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद् गण्डकी, पोखरा महानगरपालिका, अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका, मादी गाउँपालिका, रूपा गाउँपालिकालगायतले सहयोग गरेको मञ्चका महासचिव पर्शुराम शर्माले जानकारी दिए ।
विसं २०५७ मा कास्कीबाट स्थापना भई हाल गण्डकी प्रदेशस्तरमा विस्तार भएको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले विसं २०७२ देखि नियमित रूपमा स्पोर्टस् अवार्ड आयोजना गर्दै आएको छ ।

## यू–१६ अन्तरविद्यालय क्रिकेटमा
# एरे इन्टरनेशनल स्कूल च्याम्पियन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा मा सम्पन्न यू–१६ अन्तरविद्यालय क्रिकेट प्रतियोगिता–२०२६ अन्तर्गत राष्ट्रिय विद्यालय स्तरीय च्याम्पियनसिपको उपाधि एरे इन्टरनेशनल स्कूलले हात पारेको छ ।
फाइनल खेलमा सिद्धार्थ शिशु सदन लाई ४ विकेटले पराजित गर्दै एरे इन्टरनेशनल स्कूल विजेता बनेको हो । खेलमा पहिले ब्याटिङ गरेको सिद्धार्थ शिशु सदनले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ९९ रन बनाएको थियो ।
१०० रनको लक्ष्य पछ्याएको एरे इन्टरनेशनल स्कूलले १६.१ ओभरमै ६ विकेट गुमाएर १०१ रन बनाउँदै सहज जित दर्ता ग¥यो । प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गरेको टोलीले फाइनलमा पनि संयमित खेल देखाउँदै उपाधि कब्जा गर्न सफल भएको हो ।
आयोजकका अनुसार प्रतियोगितालाई सफल बनाउन सहभागी विद्यालय, खेलाडी, अम्पायर, ग्राउण्ड स्टाफ तथा सहयोगीहरूको महत्वपूर्ण भूमिका रहेको थियो । उनीहरूको सक्रिय सहभागिताले प्रतियोगिता व्यवस्थित र सफलतापूर्वक सम्पन्न भएको जनाइएको छ ।

# सङ्घीय संसद्को अधिवेशन आह्वान गर्न दलहरुको आग्रह

**काठमाडौँ ।**
विपक्षी दलहरुले सङ्घीय संसद्को अधिवेशन अविलम्ब आह्वान गर्न सरकारसँग आग्रह गरेका छन् ।
प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेको अध्यक्षतामा बुधबार बसेको बैठकले संवैधानिक परिषद्को काम कर्तव्य र अधिकारसम्बन्धी ऐन, २०६६ र सहकारी ऐन, २०७४ लाई संशोधन गर्नेसम्बन्धी अध्यादेश फिर्ता लिई सदनमा पेस गर्न आग्रह गर्ने निर्णय गरेको कांग्रेस संसदीय दलका नेता आङ्देम्बेले जानकारी दिए ।
बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका नेता रामबहादुर थापा, नेपाली कम्युनिष्ट पार्टीका प्रमुख सचेतक युवराज दुलाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद सरस्वती लामा सहभागी थिए ।

# जनकपुरधाममा मासु बिक्रीमा कडाइका साथ अनुगमन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले बजारमा खसीको नाममा बोकाको मासु बिक्री भइरहेको गुनासो बढेपछि गम्भीर चासो व्यक्त गर्दै मासु व्यवसायीलाई कडाइ गर्ने संकेत दिएको छ ।
हालै उपभोक्ताबाट आएका उजुरीका आधारमा नगर कार्यपालिकाले सूचना जारी गर्दै सबै मासु पसल तथा विक्रेतालाई भ्रामक तरिकाले मासु बिक्री नगर्न निर्देशन दिएको हो । सूचनामा खसीको मासु भनेर बोकाको मासु बेच्ने कार्य तत्काल रोक्न चेतावनी दिइएको छ, अन्यथा कानूनी कारबाही हुने उल्लेख गरिएको छ ।
उपमहानगरको कृषि तथा पशुपन्छी विकास शाखाका पशु चिकित्सक डा. अमर कुमार साहद्वारा जारी सूचनामा बजार अनुगमनलाई अझ प्रभावकारी बनाइने पनि जनाइएको छ ।
उपभोक्ताको स्वास्थ्य र अधिकारको सुरक्षालाई ध्यानमा राख्दै अनुगमनलाई तीव्र बनाउने तयारी गरिएको छ ।
यस विषयमा उद्योग वाणिज्य संघ, सूचना प्रविधि शाखा तथा नगर प्रहरी इकाईलाई समेत जानकारी गराइएको छ, जसले संयुक्त रूपमा बजारमा निगरानी बढाउने अपेक्षा गरिएको छ ।
उपमहानगरपालिकाले सबै सरोकारवालासँग सहकार्य गर्दै बजारलाई पारदर्शी र व्यवस्थित बनाउने लक्ष्य लिएको जनाएको छ ।

# वाणिज्य बैंकले कृषिमा लगानी बढाउँदै

**काठमाडौँ ।**
राष्ट्रिय वाणिज्य बैंकले प्राथमिकताका साथ कृषिमा लगानी बढाउँदै लगेको छ । विशेषगरी कृषि क्षेत्रमा गरिने कर्जा लगानीलाई प्राथमिकतामा राख्दै बैंकले २०८२ चैत मसान्तसम्म ३९ अर्ब ५३ करोड २० लाख रुपैयाँ कृषि कर्जा प्रवाह गरेको छ ।
बैंकको आधार दरमा न्यूनतम प्रिमियम कायम गरी सस्तो ब्याजदरमा कृषि कर्जा प्रवाह गरिरहेको बैंकले कृषक तथा कृषि उद्यमीलाई आकर्षित गर्न कृषिसँग सम्बन्धित कर्जामा प्रशोधन शुल्कमा समेत सुविधा प्रदान गर्दै आइरहेको सूचना अधिकारी पवन रेग्मीले जानकारी दिए ।
बैंकले कुखुरापालन, बाख्रापालन, गाईपालन, भैँसीपालन, माछापालनलगायतका कृषि परियोजनामा लगानी गर्दै आइरहेको बैंकले पछिल्लो समयमा विभिन्न प्रदेशमा विभिन्न कृषि उत्पादनलाई जोड दिँदै ४.७५ प्रतिशत ब्याजदरमा पाँच करोडसम्मको 'प्रदेश विशेष कृषि कर्जा' प्रदान गर्ने गरेको छ ।
त्यसैगरी बैंकले स्थानीय साना कृषकलाई लक्षित गरी कुनै पनि प्रशोधन शुल्क नलिई बैंकले ४.७५ प्रतिशत ब्याजदरमा १० लाखसम्म साना किसान सरल कर्जा' उपलब्ध गराइरहेको जनाएको छ । सूचना अधिकारी रेग्मीले भने, 'बैंकले किसानहरुका लागि 'किसान क्रेडिट कार्ड'को सुविधा पनि उपलब्ध गराइरहेको छ, कृषि कर्जाको सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन बैंकले छुट्टै कृषि कर्जा नीति जारी गरी कृषि कर्जा कार्यविधिसमेत लागू गरेको छ ।' कृषिमा गरिने लगानीलाई प्रभावकारी बनाउन बैंकको केन्द्रीय कार्यालयमा छुट्टै कृषि तथा सामाजिक बैंकिङ विभाग स्थापना गर्नुका साथै सो क्षेत्रमा दक्ष कृषि विज्ञलाई कर्मचारीका रुपमा भित्र्याई बैंकले विभाग, प्रादेशिक कार्यालय र शाखा कार्यालयमा खटाउँदै आएको बैंकले जनाएको छ । बैंकले ७७ वटै जिल्लामा रहेका आफ्ना सबै ३ सय १४ वटै शाखामार्फत कृषि कर्जा उपलब्ध गराउँदै कृषि कर्जामा ग्रामीण कृषकको पहुँच सुनिश्चित गरेको छ ।